# परमेश्वर आफ्नो गुणहरुद्वारा आफैलाई परिचित गराउदै हुनुहुन्छ

म एक तरिकाले मेरो मित्र, जोसेफ बोजलाई, त्यहाँ देख्दा अचम्ममा परेको छु, र म फर्केर उसंग हात मिलाउनलाई थोरै समय लिए।

2 आउनुहोस् हामी परमेश्वरको वचनमा पल्टाऔ, हिब्रूको, पहिलो अध्याय। म रातको लागि पाठ तान्नको लागि, एक भागको लागि, पहिलो, दोश्रो, र तेस्रो पद पढ्न चाहन्छु।

> प्राचीन कालमा *हाम्रा पितापुर्खाहरूसँग अगमवक्ताहरूद्वारा धेरै र विभिन्न किसिमले परमेश्वर बोल्नुभयो,*
>
> *तर यी आखिरी दिनहरूमा उहाँ आफ्ना पुत्रद्वारा हामीसँग बोल्नुभएको छ, पुत्रलाई नै उहाँले सबै कुराका उत्तराधिकारी नियुक्त गर्नुभयो, उहाँद्वारा नै समस्त सृष्टि रच्नु पनि भयो।*
>
> *उहाँ नै परमेश्वरका महिमाको प्रतिबिम्ब र परमेश्वरकै स्वभावको वास्तविक प्रतिरूप हुनुहुन्छ, र सम्पूर्ण विश्वलाई आफ्नो शक्तिको वचनले सम्हाल्नुहुन्छ, पापको शुद्धि गर्नुभएपछि महिमित परमेश्वरको दाहिने बाहुलीपट्टि उच्च स्थानमा…उहाँ विराजमान हुनुभयो;*

3 अब प्रार्थनाको लागि हाम्रो शिरहरु झुकाऔ। र अब उहाँको दिव्य उपस्थितिमा, यदि तपाईसंग कुनै अनुरोध छ भने जुन तपाई उहाँलाई थाहा दिन चाहनुहुन्छ, के तपाईले आफ्नो हात उठाउनुहुन्छ, र त्यो तपाईको अनुरोध, कि परमेश्वर…

4 हाम्रो स्वर्गीय पिता, हामीहरु तपाईको सिंहासन अगाडि आउदैछौ, तपाईको पुत्र येशू ख्रीष्टको नाममा विश्वास गरेर आउँदछौ। र हामीलाई यो निश्चितता दिएको छ, कि, "यदि हामीले कुनै पनि कुरा उहाँको नाउँमा माग्यौ भने, त्यो दिईनेछ।" र तपाईले हाम्रो चाहनाहरु र हाम्रा आवश्यकताहरु जान्नुहुन्छ, र तपाईले प्रतिज्ञा गर्नुभएको छ कि हामीलाई चाहिने सबै कुराहरु तपाईले पुराउनु हुनेछ। त्यसैले, पिता, तपाईले हामीलाई सिकाउनुभए झैँ हामी प्रार्थना गर्नेछौ, "तपाईको राज्य आओस्। तपाईको इच्छा स्वर्गमा

भैँ, पृथ्वीमा पूरा होस्।” त्यो हाम्रो अनुरोध, आज राति, यो दिनको लागि तपाईको इच्छा अनुसार होस्, र हामीलाई यी सौभाग्यहरु प्रदान गर्नुहोस्। वचनलाई अभिषेक गर्नुहोस्, प्रभु, र सबै प्रवक्ताहरु र श्रोताहरुलाई, र पवित्र आत्मा आउनुभएको होस् र वाचाको पूरा गर्नुभएको होस्, आज राति, हाम्रो माझमा। किनकि हामी यसलाई उहाँको नाउँमा माग्दछौ। आमेन।

तपाईहरु बस्नुहोस्।

5 भोलि बिहान, मैले बुझे अनुसार, फुल गोस्पल बिजनेस मेन्सको बिहानीको नाश्ता छ। सामान्यता, जहाँ तिनीहरुको सभा छ, मलाई उहाँहरुको बिहानको नाश्ताको समयमा बोल्ने सुअवसर हुन्छ। यस समयमा, त्यो मात्रै एक संगठन हो, जुन संस्था होइन, तर, एक मात्र समूह जुनमा म—म जोडिएको छु, क्रिस्चियन बिजनेस मेन हो। र अहिले म उहाँहरुको लागि मात्रै बोल्छु, अन्तर्राष्ट्रिय रूपमा।

6 अब, आज राति, हामी विश्वास गर्दछौ कि यो भेला व्यर्थ हुनेछैन। म तपाईकहाँ आएको छु, एउटा सुकेको घाटी सहित, र थोरै ब्रोंकायल भाको छ…

7 म ट्युक्सनबाट आएको हुँ जहाँ यो साच्चै नै राम्रो र सुक्खा छ, र म यहाँ आउछु र यो साच्चै राम्रो र ओबानो छ, त्यसैले त्यहाँ थोरै विपरित छ। यदि तपाईले सबैले यहाँ सबै पानी पाउनुभएको छ, यदि तपाईले केवल उता हाम्रो बाटोतिर पठाउनुहुन्छ भने, हाम्रो यसको कदर गर्नेछौ। तर तपाईले त्यो गर्नसक्नुहुन्न, अवश्य पनि।

8 तर म तपाईलाई एउटा कुरा भन्छु, त्यहाँ एउटा दृष्टान्त छ। एरिजोनामा सबै हाम्रा—हाम्रा—हाम्रा कुराहरु, हाम्रा रूखहरु, सबै टाँस पत्रले भरेको छ। सबैकुरामा टाँस पत्र छ। यो किनभने यो सुक्खा भएकोले हो। अब यदि उही झाडी यहाँ हुर्क्यो भने, यो एउटा राम्रो प्यारो पात हुनेछ। बुझ्नुभयो, यो पानी बिना हो, त्यहि नै कारणले यो एउटा टाँस पत्र भएको।

9 र जब मण्डली जीवनको पानी बिनाको बन्दछ, यो सुक्खा र टाँसिने खालको, पनि बन्दछ, सबैमा टाँसिने खालको र मुक्का हान्ने खालको। तर जहाँ जीवनको पानी बग्दछ, यसले पातलाई खोलिदिन्छ र यसलाई कोमल बनाउछ, कोमल र मिठो, पवित्र र परमेश्वरमा स्वीकार योग्य बनाउँछ। त्यसैले आजराति, परमप्रभु परमेश्वरले हामीलाई पानी दिनुभएको होस्, ताकी हामी टाँसिने खालको नभएका हौँ। तर हामीहरु असल पातहरु हुनेछौ

कि विचलित मानिसहरु हाम्रो रूखमुनीको छाँया मुनी बसेर तिनीहरुको आत्माले शान्ति पाउनसकून्।

10 अब म पाठ लिन चाहन्छु, आज राति, यदि प्रभुको इच्छा भए, र आवाजको कमीको कारणले गर्दा, यो सानो माईक्रोफोनलाई जति सक्दो नजिक तान्दैछु। म चाहन्छु, यहाँ हिब्रू १:१ को बाट पढ्दै, म यो एउटा पाठ लिन चाहन्छु: *परमेश्वर आफ्नो गुणहरुद्वारा आफैलाई परिचित गराउदै हुनुहुन्छ।* म फेरी पनि त्यो दोहोर्याउन चाहन्छु, किनभने म जान्दछु कि यो ध्वनिहरु यहाँ खराब छन्। परमेश्वरले आफैलाई आफ्नो गुणहरुद्वारा परिचित गराउनुहुन्छ।

11 अब, धेरै जसो कुराहरु आफ्नो गुणहरुद्वारा पहिचान गरिएको हुन्छ। र मसंग यहाँ केहि धर्मशास्त्रका पदहरु छन् जुन म...र नोट, जुन म जोड्न चाहन्छु। अब, कुनै पनि चिजको गुणहरुले यो के हो भनि चिनाउदछ।

12 अब, सबै स्वभावमा जस्तै, फूलहरु, धेरैजसो, तिनीहरुको गुणहरुद्वारा चिनिन्छन्। यदि तिनीहरु उस्तै उस्तै छन् भने, एक प्रजातिसंग मिल्छ भने, त्यस फूलको फुंले त्यो फूल कुन हो भनेर पहिचान गराउछ। र वन्यजन्तुमा, धेरै पटक...

13 म—म एउटा शिकारी हुँ। र तपाईले शिकार गरिरहनुभएको जनावरको गुणहरु थाहा पाउनुपर्छ, या कहिले काहि तपाई निश्चय नै धोखा खान सक्नुहुन्छ। उदाहरणको लागि, ब्रिटिस कोलम्बियामा ढुंगे भेडाहरु जस्तै। म यो अन्तिम शरदमा बस युकोनको मुनि थिए, यहाँ केहि भाईहरु मसंग हुनुहुन्थ्यो, र हामीहरु शिकार गर्दैथियौ।

14 अब यदि तपाई एउटा भेडा या एउटा हरिणलाई खोज्दै हुनुहुन्छ, तपाईलाई भिन्नता थाहा छैन भने, तपाई एउटा चनाखो शिकारी हुन्नुहुन्ना भने, तपाईले भिन्नता बताउन सक्नुहुन्न। किनभने, तिनीहरुले एकै प्रकारको पथ मार्ग बनाउँछन्; तिनीहरु भाग्दा छलांग लगाउछन्। र त्यसपछि तपाईले एउटालाई टाउको लिकाएर, टाढा उभिएको देख्नुहुन्छ, किन, तपाई—तपाईले फरक छुटाउनै सक्नुहुन्न। तिनीहरु लगभग एकै आकारका हुन्छन्; र पुच्छरको भागनिर, यो सेतो हुन्छ, ठ्याक्कै हरिणको जस्तो। तिनीहरुलाई बताउन धेरै नै गाह्रो हुन्छ। तर उसको सिङले उसको गुणहरु पहिचान गर्छ, ती सिङहरुद्वारा। भेडाको एउटा गोलाकार सिङ हुन्छ, र हरिणको काँगा

निस्किन्छ। र अर्को कुरा, एउटा हरिण, खानाको लागि, त्यति उचाईमा जानसक्दैन।

15 र त्यसपछि हिड्दै गरेको, बाख्राको पनि, त्यहाँ एउटा बाख्राको एउटा गुण हुन्छ, र एउटा भेडा, तपाईले तिनीहरुमा भिन्नता जान्नुपर्दछ, जब तपाई माथी उचाईमा हुनुहुन्थ्यो, किनभने ती दुईटै माथि पहाडमा बस्छन्। तपाईले भिन्नता थाहा पाउनुपर्छ। तर यदि तपाईले ध्यान दिनुहुन्छ भने, एउटा एउटा बाख्राले हिड्दा आफैलाई ठेस लगाउछ; जहाँ, एउटा भेडाले हिड्दै गर्दा, आफ्नो खुट्टा तल *यसरी* बस्छ। उसले आफ्नो पथमार्ग बनाउने तरिकाको गुण हो। तपाईले आफ्नो खेललाई यसले के गर्छ र यसले कसरी काम गर्छ, र यसले के खुवाउछ, र सबै कुराहरुको गुणबाट पहिचान गर्नुहुन्छ। यसले आफैलाई आफ्नो गुणबाट चिनाउछ। र त्यसपछि एउटामा हामफाल्नुहोस्, र हेर्नुहोस् यसले के गर्छ, तपाईले तिनीहरु जाने तरिका बताउन सक्नुहुन्छ। तपाईले फरक–फरक जनावरको त्यो गुणहरुबाट भन्न सक्नुहुन्छ।

16 त्यसोभए के तपाईलाई कहिल्यै याद गर्नुभएको छ, मलाई थाहा छैन कतै तिनीहरुमा यहाँ तपाईहरुसंग छ या छैन, सुन बगेडी; ठिक छ, झिलमिलाहट चरा तिनीहरुको लागि सहि नाम हो, र एउटा जे चरा। एउटा जे चरा लगभग एउटा सुन बगेडीको जत्रै आकारको हुन्छ। र तपाईले यो दुईटालाई उडिरहेको देख्नुहुन्छ, तिनीहरु दुवै लगभग एउटै प्रकारका चरा हुन्। यदि तपाईले रङ्ग देख्नसक्नुहुन्न भने, तर केवल तिनीहरुलाई हेर्नुहोस्, तपाईले कुन चाहि सुन बगेडी हो भनेर भन्न सक्नुहुन्छ। जे चरा उड्छ, धेरै या थोरै, सिधा बाटो जान्छ। तर सुन बगेडी चाहि, आफ्नो पखेटा फटफटाउदै जान्छ; जसै उसले आफ्नो पखेटा फटफटाउछ, ऊ तल जान्छ र त्यसपछि माथी। हेर्नुहोस्, उसले आफैलाई *त्यसरी*, उड्ने बनाउँछ, र तपाईले भन्नसक्नुहुन्छ कि त्यो चाहि सुनबगेडीको विशेषता हो, जुन तरिकामा ऊ उड्छ।

17 यदि तपाईले बट्टाईलाई जब ऊ—ऊ बाहिर आउछ उसलाई ध्यान दिनुभयो भने, जुन तरिकामा ऊ माथी आउछ। र त्यसपछि हेर्नुहोस् यदि तपाई दलदलमा हुनुहुन्छ भने, जहाँ बट्टाई हुनसक्छ, र एउटा स्नाईप चरा। तपाई शिकारीहरुलाई त्यो थाहा छ। विल्सन्स स्नाईप र ज्याकस्नाईप, तिनीहरुले आफैलाई तिनीहरु आउने र जाने तरिकाबाट पहिचान गराउछन्। तिनीहरुले आफैलाई तिनीहरुको उड्ने तरिकाबाट,

तिनीहरु कुन प्रकारका चरा हुन् भनि पहिचान गराउछन्। त्यसैकारणले, यदि तपाईले भर्खरै तिनीहरुलाई सुन्नुभयो भने, तपाईले यो के थियो भनि भन्न सक्नुहुन्छ, जुन तरिकामा ऊ बाहिर गयो, जे ऊ छ, उसको उड्ने गुणहरुबाट।

18 एउटा पुरुष र एउटा महिला जस्तै। तिनीहरु दुवै मनाव थिए, तर एउटा महिलाको पुरुषको भन्दा भिन्दै विशेषताहरु हुन्छन्। मैले यहाँ पढ्दै थिए, केहि समय अघि, सोलोमन र रानीको बारेमा। म यहाँ मेरो सानो सन्देश प्रचार गर्नको लागि यहाँ भईन, तपाईहरुमा, दक्षिणको रानीको विषयमा, जो सोलोमनलाई हेर्न आउदै थिईन्, र प्रभेदको वरदान देखेर। म त्यस बारेमा पढिरहेको थिए, यहाँ धेरै समय भएको छैन, र तिनीहरुले भने, कि, "पहेलीहरु मध्ये एउटा जुन सोलोमनको अगाडि राखिएको थियो, कि यो रानीले एउटा महिलालाई लिईन्, वा महिलाहरु, र तिनीहरुलाई पुरुष जस्तै पोशाक लगाईदिईन्।"

19 अब, ती दिनहरुमा त्यो विदेशी थियो, तर यो पक्कै पनि सामयिक छ, आज। र—र तपाई छ कि त्यो गलत हो। बाईबलले भन्छ कि एउटा महिलाले त्यसो गर्नु हुदैन। "स्त्रीले एउटा पुरुषको लुगा लगाउनु घृणित कुरा हो।" र अपरिवर्तनशील परमेश्वरले त्यसो भन्नुभयो, त्यसैले त्यो सत्य हो।

20 हामीले पाउछौ कि सोलोमनले, तिनीहरुलाई हेरे, उनले तिनीहरुलाई हिड्न या केहि गर्न लगाए, र झट्टै भने, "यी महिलाहरु हुन्।" हेर्नुहोस्, उनले त्यस स्त्रीको विशेषताबाट नै भन्न सक्थे, जुन तरिकाले उनले आफैलाई सम्हाले, त्यस बाटै उनी महिला हो या पुरुष भनि भन्न सक्थे।

21 र त्यसपछि धेरै जसो जुनै पनि कुरा त्यस तरिकामा छ, आफ्नो गुणहरु सहित। जसरी धेरै मानिसहरु देब्रे हाते हुन्छन्, र दाहिने हाते हुन्छन्। ती कुराहरु तिनीहरुले आफैलाई सम्हाल्ने तरिकाको गुणहरु हुन्। तपाईले भन्न सक्नुहुन्छ कि तिनीहरुले आफैलाई चलाउने तरिकाबाट कतै यो एउटा दाहिने– या देब्रे– हाते व्यक्ति हो या होइन भनि, जुन तरिकामा तिनीहरुले सधै त्यो बायाँ हात वा दायाँ हात चलाउछन्।

र याद गर्नुहोस्, येशूमा केहि त्यस्तो कुरा थियो, त्यो...

22 दुई हातहरु लगभग...तिनीहरु उस्तै छन्। तिनीहरुसंग एउटै किसीमको औंठाछाप हुन्छ, औलाका छाप, पाँच औलाहरु; कान्छि, चोरी, र त्यस्तै अन्य। ठिक दाहिने हात जस्तै र देब्रे हातसंग उहि किसीमको

औंलाहरु हुन्छन्, सामन्यत, समान आकारको हात, बिल्कुल उस्तै। र त्यहाँ केवल फरक यत्ति छ कि, तिनीहरुमा, कि एउटा देब्रे हो र अर्को चाहि दाहिने हो। त्यो मात्रै एउटा भिन्नता हो जुन तपाईले भन्न सक्नुहुन्छ। एउटा देब्रे हो, र अर्को चाहि दाहिने।

23 त्यसैले त्यसमा, येशूले भन्नुभयो...मैले सानो बिन्दु यहाँ पोख्न सक्छु होला। येशूले भन्नुभयो, मत्ती २४ मा, कि, "अन्तिम दिनहरुमा आत्माको गुणहरु लगभग समान हुनेछन्, यति नजिक कि सम्भव भएसम्म. चुनिएकाहरुलाई पनि धोका दिनेछ।" हेर्नुहोस्, तिनीहरुले केवल...

24 तपाईले आफ्नो हात लिनुहोस् र यसलाई थामिराख्नुहोस्। हेर्नुहोस्, यदि तपाईले याद गर्नुभएन भने, एउटा अर्को जस्तै देखिन्छ, हरेक तरिकामा, तर ती मध्ये एउटा देब्रे हो र अर्को दाहिने हो।

25 अन्तिम दिनहरुमा आत्मा त्यहि नै तरिकामा छन्। तिनीहरु केहि हदसम्म समान छन्, तर तिनीहरुमा गुण छन् जसले तिनीहरुलाई चिनाउछ। एउटा सहि छ, र अर्को चाहि गलत, र यो यसको गुणद्वारा पहिचान गर्न सकिन्छ।

26 परमेश्वरको आत्मा यसको गुणद्वारा चिन्न सकिन्छ। बुझ्नुभयो? परमेश्वरको आत्मा, र मण्डलीको आत्मा। त्यहाँ एउटा मण्डलीको आत्मा छ, र एउटा परमेश्वरको आत्मा छ जुन बिल्कुलै मण्डलीको आत्माजस्तो छैन।

त्यहाँ एउटा नामधारी संगठित मण्डलीको आत्मा छ।

27 त्यहाँ एउटा राष्ट्रिय आत्मा छ। त्यहाँ राष्ट्रको आत्मा छ। हरेक राष्ट्र, जब म त्यहाँ जान्छु, तपाई त्यहाँ हिड्नुहुन्छ, तपाईले एउटा भिन्नै आत्मा पाउनुहुन्छ। म फिनल्याण्डमा गएको थिए, राम्रा मानिसहरु, तर त्यहाँ एउटा फिनिस आत्मा थियो। म तल जर्मनीमा जान्छु, त्यहाँ एउटा जर्मन आत्मा छ।

28 यहाँ केहि समय अघि, म श्रीमती संगै गईरहेको थिए, जब हामी इन्डियानामा नै बसिरहेका थियौ, केहि साल पहिले, सानो सुपरमार्केटमा गयौ। म भर्खरै घर आएको थिए। हामीहरुले गएर केहि खाना कुराहरु ल्याउन पर्ने थियो। र त्यहाँ जाने बाटो निर, हामी...यो गर्मीको समय थियो, तपाईले यो विश्वास गर्नुहुन्न होला, तर हामीले एउटा लुगा लगाएकी महिला भेट्यौ। र यो यति अनौठो थियो, म...यसले मलाई नै चकित बनायो। म—मैले भने, "त्यहाँ हेर त, त्यो अनौठो देखिन्छ, त्यस महिलाले लुगा लगाएकि छिन्।"

बाकि रहेकाहरुले यस्तो लुगा लगाएका थिए जुन...महिला बन्नको लागि थिएन। र—र उनले भनिन्...मैले भने, "ठिक छ, त्यो विल्कुल अमेरिकी आत्मा हो, हेर्नुहोस्, अमेरिकाको आत्मा।"

29 अब, अमेरिकाको आत्मा, यो एउटा...एउटा इसाई राष्ट्र हुन पर्नेथियो, तर यस राष्ट्रको आत्मा इसाई होइन। यो एउटा इसाई राष्ट्र भनि बोलाईएला, तर यो यसबाट दस लाख मिल दूर छ, गुणमा। त्यसैले, यस महिला, मैले भने...

उनले भनिन्, "ठिक छ, हामीहरु अमेरिकीहरु होइनौ र?"

30 भनिन्, मैले भने, "होइन। हामी यहा बस्छौ। यो हाम्रो देश हो। हामी—हामी—हामी यहाँ बस्छौ। हामी यसलाई माया गर्छौ। यो संसारमा उत्कृष्ट राष्ट्र हो। तर, अझै पनि, हामीहरु अमेरिकीहरु होइनौ।" मैले भने, "हामीहरु माथीबाट जन्मिएका हौँ। पवित्र आत्मा तल आउनुहुन्छ, र हामी एउटा राज्य निवासी हौँ। यो यस संसारको होइन।" मैले भने, "त्यहि नै कारण हो हाम्रा दिदिबहिनीहरुले लुगाहरु लगाउनुहुन्छ, लामो केश राख्नुहुन्छ, रंगरोगन गर्नुहुदैन। हेर्नुहोस्, उहाँहरुको गुणहरुले उहाँहरुलाई माथीबाट 'परमप्रभुमा पवित्रताको,' चिनारीले चिनाउछ।"

31 त्यसकारणले, हामीहरु एउटा राज्या खोजिरहेका छौ। हामीले आउनुहुने एउटा राजालाई खोजिरहेका छौ र उहाँको राज्यमा उहाँको प्रजाहरुलाई लिनुहुनेछ। र तिनीहरु आफ्ना—आफ्ना गुणहरुद्वारा चिनिन्छन्, कि तिनीहरुका खजानाहरु यस पृथ्वी या यस राष्ट्रको होइन। यो माथीको हो, महिमामा। त्यसैकारणले, तिनीहरु, "तिनीहरु एउटा शहरको खोजी गर्छन् जसको निर्माणकर्ता र निर्माता परमेश्वर हुनुहुन्छ।" तिनीहरु उपयुक्त रूपमा परिचित छन्।

32 तपाईलाई कुनै रात प्रचार गर्नको लागि मसंग पर्याप्त आवाज भईदिए हुन्थ्यो भन्ने म आशा गर्छु। तर म—म त्यसबाट निस्कन्छु। अब, यसको गुणहरुद्वारा पहिचान हुन्छ।

33 हामीले यहाँ इस्राएलको समयमा एउटा राम्रो उदाहरण पाउँछौ, प्रतिज्ञाको भूमिमा आउनुहोस्। र परमेश्वरले तिनीहरुलाई उहाँको प्रतिज्ञा बमोजिम बोलाउनुभएको थियो। उहाँले अब्राहामलाई भन्नुभयो कि, उनको...उनको सन्तान अन्जान देशमा, चार सय वर्षसम्म, र त्यसपछि उहाँले उसलाई एउटा महान शक्तिशाली हातले छुटकारा दिनुहुनेछ, र

तिनीहरु एउटा भूमिमा जानेछन्, तब, प्रतिज्ञा गरिएको, जहाँ दूध र मह बगिरहेको हुनेछ। र त्यसपछि जब प्रतिज्ञाको समय नजिक आयो, त्यहाँ एउटा—एउटा फारो आए जसले योसेफको महान सेवाकाईलाई छिन्न सकेन जुन तिन्हारूको बीचमा भएको थियो।

34 र, यो, परमेश्वरले एउटा अगमवक्तालाई हुर्काउनुभयो जसको नाउँ मोशा थियो। र त्यो मानिसलाई मिश्रहरुको सबै ज्ञान सिकाईएको थियो। निस्सन्देह रूपमा उनी एउटा महान, होसियार, बौद्धिक मानिस थिए, किनकि उनले मिश्रीको ज्ञान सिकाउन सक्थे। छुटकाराको लागि एउटा उपयुक्त रूपमा योग्य—योग्य मानिस जस्तो देखिन्यो।

35 तर, तपाई देख्नुहुन्छ, जसलाई हामीले छुटकारा भन्छौ, र जसलाई परमेश्वरले छुटकारा भन्नुहुन्छ, त्यो केहि फरक छ।

36 अब यस मानिसलाई उसको सबै नैतिकतासंगै हेर्नुहोस्। उनलाई थाहा थियो कि उनी इस्राएलको सन्तानलाई छुटकारा दिनको लागि जन्मिएको थियो। तैपनि, उनको सबै शिक्षाहरु संगै, उसलाई केवल यति मात्रै थाहा थियो, र उनलाई काम गर्नको लागि परमेश्वरले बोलाउनुभएको छ भनि जानेर, उनीसंगै उनको सबै...उसंग उसको कलामा स्नातकोत्तर, र उनको पीएच.डी र एलएल.डी र अन्य कुराहरु थियो। र उ इस्राएललाई छुटकारा दिनको लागि बाहिर गए, र त्यो पूर्ण रूपले असफल भयो।

37 अब ध्यान दिनुहोस्, उनी फारो बन्नको लागि, मिश्रको सिंहासनमा खुट्टा राखेर, सजिलो हुन्थ्यो जस्तो देखिन्थ्यो, कि उनले इस्राएलको सन्तानलाई छुटकारा दिनसक्थ्यो उनी फारो बनेको भए, किनभने उनी सिंहासनको लागि—लागि अर्को पंक्तिमा थिए। तर, तपाईले देख्नुहुन्छ, कि, त्यस तरिकामा गरेर, उहाँको मानिसहरुलाई छुटकारा दिनको लागि परमेश्वरको गुण पहिचान हुदैन थियो।

38 उहाँले भन्नुभएको थियो कि उहाँले तिनीहरुलाई छुटकारा दिनुहुन्छ। *उहाँले* "एउटा शक्तिशाली हातले छुटकारा," दिनुहुनेछ। मोशा शक्तिशाली सेना सहिले दिने होइन, तर शक्तिशाली हातको साथ परमेश्वरले गर्नुहुनेछ।

39 हामीले पाउँछौ कि यो अगमवक्ता भागेर चालिस वर्षसम्म उजाडस्थानमा बसेको थियो। उनमा शिक्षा घुसाउन फारोलाई चालिस वर्ष लाग्यो, र परमेश्वरलाई उनीबाट निकाल्नको लागि चालिस वर्ष लाग्यो। त्यसैले हामीले पाउछौ, एक दिन, कि उनी, मरूभूमिको पछाडिपट्टि,

परमप्रभु परमेश्वरलाई एउटा जलिरहेको झाडिमा भेटे, झाडिमा एउटा आगोको स्तम्भको रूपमा बसिरहेको उनले भेटे। र उनलाई आफ्नो जुत्ता खोल्नको निम्ति भनियो, किनकि, जुन जमिनमा ऊ उभिरहेको थियो त्यो पवित्र थियो। अब यस असल, संस्कारी, शिक्षित मानिसलाई हेर्नुहोस्, जो, परमेश्वरलाई भेटिसके पछि उनको गुणहरु परिवर्तन भएको हेर्नुहोस्। उनले सबै भन्दा धेरै गरे...

40 कहिलेकाहि शारीरिक सोचाईको लागि, परमेश्वरले कुराहरु यति सरल तरिकामा गर्नुहुन्छ, र यति मूर्ख तरिकाले गर्नुहुन्छ। ध्यान दिनुहोस् कि एउटा मानिस जो पूर्ण रुपले असफल भएको छ; परमेश्वरको इच्छा गर्नको लागि, सबै मिश्रको सेनाहरु सहित र सबैकुराहरु उनको वरपर विरुद्धमा छ, उनको सबै शिक्षाहरु सहित, चालिस वर्षको उमेरमा, उनको युवा अवस्थामा। यहाँ उनी छन्, अस्सी वर्षको, अर्को बिहानी, आफ्मी श्रीमतीसंग एउटा खच्चरमा बस्दै, उसको कम्मरमा, र आफ्नो हातमा लौरो लिएर, तल मिश्र तिर जाँदै थिए, लिनको लागि। तपाई एउटा हास्यास्पद दृश्यको बारेमा कुरा गर्नुहुन्छ! तर त्यसले परमेश्वरका गुणहरुलाई देखाउदै थियो, किनभने उहाँसंग एकजना मानिस थियो जसले उहाँको वचनलाई विश्वास गर्दथियो। यहि नै हो। यसको कुरा यो थियो, के तपाईले कल्पना गर्नसक्नुहुन्छ कि एउटा मानिसले मिश्रलाई आक्रमण गर्न जादैछ, जहाँ, सेना असफल भएको छ? तर यो के थियो? उनको गुण, उनको रणनीति परिवर्तन भएको थियो। उनी परमप्रभुको नाउँमा जाँदै थिए, "म त्यो हुँ जो म हुँ।" यसको कुरा यो थियो, उनले यो लियो। उनले गरे, किनभने उनी परमप्रभुको शक्तिमा जाँदै थिए।

41 उनको बाटोमा, इस्राएललाई प्रतिज्ञाको भूमि तर्फ अगुवाई गर्दैगर्दा, उनी आफ्नो भाईसंग सम्पर्कमा आउछन्, उनको साम्प्रदायिक भाई, मोआब। अब, मोआब, कुनै पनि हालतमा, अन्यजातीहरु थिएनन्। तिनीहरु लोतको छोरीका सन्तानहरु थिए। तिनीहरु मध्ये एक—एकको छोरा मोआब थियो।

42 अब, माथी त्यहाँ, तपाईले यी दुई राष्ट्रहरुलाई ध्यान दिनुभएको म चाहन्छु, यसको तुलनामा। यहाँ मिश्र थियो, एउटा सानो, वरिपरी छरिएको, जाने कुनै राष्ट्र थिएन, न कुनै अधिकारीहरु न राजाहरु, यी केहि पनि थिएन, या तिनीहरु मध्ये कुनै पनि प्रतिष्ठित व्यक्तिहरु नै थिए, प्रतिज्ञाको भूमि

तर्फ तिनीहरुको बाटोमा बस्ने मानिसहरु मात्रै। र यहाँ तिनीहरु मोआबको भूमिबाट भएर जान पर्ने थियो। यो ठिक प्रतिज्ञाको रेखामा थियो।

43 र मोआब, पनि, यहोवामा एउटा विश्वासी थियो, र तिनीहरुसंग एउटा अगम्वात्का थियो। र इस्राएलसंग एउटा अगमवक्ता थियो। दुवैजनासंग अगमवक्ताहरु थिए।

44 र अब ध्यान दिनुहोस्, तिनीहरु त्यस ठाउँमा आईपुगे जहाँ संगठित राष्ट्रको अगमवक्ता यस अर्को राष्ट्रलाई सराप्नलाई तल आईरहेको थियो, किनभने यो केवल एउटा डुलुवा थियो, बस्ने कुनै निश्चित ठाउँ थिएन। त्यसैले तिनीहरु तल आए।

र ती दुईटा अगमवक्ताहरुलाई हेरे: जब यो मौलिक रूपमा बोल्ने कुरामा आउँछ, तिनीहरु दुवैजना एकदम सहि थिए। किनभने, ध्यान दिनुहोस्, बालम, एक विशपले, उनलाई भने, "अब, तिमीले मलाई सातवटा वेदीहरु बनाउनु।"

45 सात परमेश्वरको पूर्ण संख्या हो, जसले सात मण्डलीका युगहरु, सृष्टिको सात दिनहरु, अन्य त्यस्तै। अब ध्यान दिनुहोस्, सात, परमेश्वर सातमा पूर्ण हुनुहुन्छ।

46 "सात वेदीहरु, र हरेक वेदीमा एउटा—एउटा गोरु राख्।" अब त्यो उही नै वेदी हो जुन तिनीहरुसंग इस्राएलको छाउनीमा राखेको थियो। त्यहाँ तिनीहरु तल इस्राएलमा, त्यहि वेदीका साथ तिनीहरुले यहाँ पाए; र उही वलिदान, एउटा गोरु र एउटा गोरु; एउटा अगमवक्ता र एउटा अगमवक्ता। दुई राष्ट्र, यसको विपरितमा।

47 हामी जिईरहेका दिनको एउटा विल्कुल उत्तम उदारहण हो, यदि हामीसंग यस विषयमा जानको लागि समय थियो भने। ध्यान दिनुहोस्, परमेश्वरले यसलाई दृष्टान्तमा गर्दै हुनुहुन्छ, कि हामीले समानान्तर रुपमा, पत्ता लगाउन सक्छौ।

48 अब, बालमलाई पनि, हरेक वेदीमा एउटा भेडा चाहिन्थ्यो। त्यसले एउटा आउदै गरेको मसिह प्रति उनको विश्वासको बारेमा बोल्दै थियो। एउटा भेडा, एउटा भाले भेडा, त्यो उही नै बलि हो जुन तिनीहरुसंग तल इस्राएलमा थियो; तल इस्राएलको शिविरमा, यहाँ माथि...मोआबमा। एक...मौलिक रूपमा, तिनीहरु दुवै जना सहि थिए, तर, ध्यान दिनुहोस्, मौलिक रुपमा सिद्धान्तमा।

49 तर तल इस्राएलको छाउनीमा एउटा अगमवक्तासंग परमेश्वरको गुणहरु र परमेश्वरको वचन थियो। उनी त्यस युगको लागि परमेश्वरको प्रतिज्ञामा रहे, किनभने उनी प्रतिज्ञाको देशमा जाने पंक्तिमा थिए। हेर्नुहोस्?

50 अब, जहाँसम्म आधारभूत हिस्साको कुरा छ, बालम, बालक उत्तिकै पहिचान गर्न सकिन्छ जत्तिको मोशा थियो।

51 तर, तपाईले देख्नुहुन्छ, मोशा, परमेश्वरको सहि अगमवक्ता भएको नाताले, आधारभूत भागहरु मात्रै थिए, तर परमेश्वरको पहिचान पनि थियो। हेर्नुहोस्, उनी कर्तव्यको पंक्तिमा थिए, त्यस युगको लागि गरिएको प्रतिज्ञा अनुसार थिए; नोआको युगको लागि थिएन, तर त्यस युगको लागि थियो। "म तिमीलाई दूध र मह बग्ने देशमा लानेछु।" तिनीहरु आफ्नो बाटोमा थिए, र इस्राएललाई तिनीहरुको अगमवक्ता, मोशा, त्यो युगको सन्देशको साथ पहिचान गरिएको थियो। परमेश्वरको गुणहरु मोसामा पहिचान गरिएको थियो। एउटा आगोको खम्बाले उनलाई पछ्याईरहेको थियो। उनमा प्रायश्चित पनि चलिरहेको थियो; यसको बारेमा बोल्दै होइन, तर कार्यमा थियो। के हुनेछ भन्ने कुरामा होइन; अहिले के छ भन्नेमा थियो!

52 ध्यान दिनुहोस्, उनीसंग काँसाको सर्प थियो जुन मानिसहरुको बिमारी र रोगहरुको निम्ति उठाईएको थियो, त्यसैकारणले मोशाले इश्वरीय चंगाईको अभ्यास गरीरहेको थियो। उनमा प्रायश्चित थियो, काँसाको सर्प, परमेश्वर छाउनीमा हुनुहुन्छ भन्ने कुराको प्रतिक गरिरहेको थियो, र मानिसहरुले त्यस काँसाको सर्पलाई हेरिरहेका थिए र निको हुँदै थिए।

53 उनको पछि एउटा चट्टान पनि आईरहेको थियो। र त्यसले परमेश्वरको पहिचान गराईरहेको थियो, तिनीहरुमा जीवनको पानी, आनन्द र मुक्ति राख्नको निम्ति, ताकि तिनीहरु नाश नहोस् तर आनंत जीवन पाएको होस्। यो एक प्रकारको…उजाडस्थानमा त्यो पिटिएको चट्टान ख्रीष्टलाई प्रहार गरिएको चित्रण थियो।

54 त्यसपछि, तिनीहरु प्रतिज्ञाको रेखामा यात्रा गरिरहेका थिए। त्यो अर्को पहिचान थियो, परमेश्वरको गुणहरु देखाउनको लागि। यो अर्को वचनसंग चाहे जत्तिनै अधारभूत भएतापनि; उनमा रूढिवाद थियो, साथसाथै पहिचान पनि, र परमेश्वरको गुणहरु तिनीहरुमा थियो। परमेश्वरले आफैलाई पहिचान गराउदै हुनुहुन्थ्यो। दुई अगमवक्ताहरु, तिनीहरु दुवैजना अगमवक्ताहरु, र दुवैजना मूलभूत; तर परमेश्वरले आफ्नो गुणहरु

मोसामा पहिचान गराउनुभयो, किनभने उनमा आफूसंग परमेश्वरको विशेषताहरु थियो।

55 अब, फेरी, परमेश्वरको गुणहरु सधै अलौकिक छ, किनभने उहाँ अलौकिक हुनुहुन्छ। परमेश्वर अलौकिक हुनुहुन्छ। यो असामान्य छ, सधै, आजको सोचको आधुनिक प्रवृत्तिको लागि। त्यो तपाईलाई थाहा छ। परमेश्वरले सधै योजनालाई विफल गर्नुभएको छ, अहिले—अहिले सम्म हरेक युगमा धार्मिक समूहहरुको लागि।

56 र एकपटक पनि कहिल्यै एउटा व्यक्ति या एउटा मानिसको समूहले आफैलाई एउटा सन्देशमा संगठित गरेको छैन तर के तिनीहरु मरे र माटोमा गए, र फेरी कहिल्यै उठेनन्। त्यहाँ कुनै इतिहास छैन। लूथरनहरु, प्रेस्बिटेरीयनहरु, मेथोडिष्टहरु, ब्याप्टिष्टहरु, पेन्टिकोष्टलहरु, र त्यस्तै अन्य, फेरी कहिल्यै उठेनन्, जब तिनीहरु यसमा समूहबद्ध हुन्छन्।

परमेश्वर व्यक्तिगत रूपमा व्यवहार गर्नुहुन्छ।

57 ध्यान दिनुहोस्, उहाँ सोच्ने तरिकामा यति असामान्य हुनुहुन्छ। हेर्नुहोस्, हामी एउटा चलनबाट अलग हुन्छौ, र हामीले यसलाई *यस* तरिकामा विश्वास गर्नुपर्दछ। र त्यसपछि परमेश्वरले प्रतिज्ञा गर्नुभएको उहाँको आफ्नो वचनसहित आउनुहुन्छ, र आफैलाई त्यस वचनमा पहिचान गराउनुहुन्छ। *यो* समूह यसमा जान सक्दैन, किनभने यसले यसमा विश्वास गर्दैन। हेर्नुहोस्, यसले यसबाट आफैलाई अलग्याईएको छ।

58 योसेफले जस्तै, उनी एउटा दाऊदको पुत्र थिए, र एउटा असल मानिस, योसेफ मरियमको पति। उनी एउटा असल मानिस थिए, र कुनै संका छैन बाईबल पढ्नुहोस्, सूचीपत्र, लगातार पढ्नुहोस्, किनभने... र एउटा मसिह आउनको लागि हेरिरहेका थिए, र धर्मशास्त्रले जे घटना घट्नेछ भनेको छ त्यो जानेको हुनुपर्छ। यशैयाले भनेका थिए, "एउटा कन्या कुमारीले गर्भधारण गर्नेछ।"

59 ठिक छ, अब, उनी यस जवान युवतीसंग जाँदै थिए, मरियम, सम्भवतः अठार वर्षको, र ऊ शायद थोरै जेठो थियो। र जब तिनीहरुको विवाह हुनको लागि मगनी भयो, उनी आमा हुने अवस्था देखाउनछिन्। अब त्यो जोसेफको लागि एक किसिमले समाधान गर्न कठिन थियो। निस्सन्देह रूपमा मरियमले उनलाई गाब्रिएलले भेट्न आएको कुरा भनिन्। तर हामीले

देख्छौ, जुन तरिकाले उनको चरित्रले उनलाई अगुवाई गरिरहेको थियो, उनले यसलाई संका गरे।

60 अब उनी बिहे गर्नु अघि नै आमा बनेकी थिईन्। र, बाईबलमा, त्यसको सजाय मृत्यु हो, ढुंगाले हानेर। एउटा अविवाहित महिला बनेपछि, उनलाई ढुंगाले हानिनुपर्थ्यो। त्यहाँ इस्राएलमा वेश्यावृत्ति थिएन। यो बाहिर राखिएको थियो।त्यसैले हामीले पत्ता लगाउँछौ, व्यवस्थामा, यसले हामीलाई त्यो बताउछ।

61 अब हामीले त्यो फेला पार्छौं कि, मरियमले, योसेफलाई उनले गरेका केहि कामको लागि केवल ढालको रूपमा प्रयोग गर्न खोजेको जस्तो देखिन्थ्यो। किनभने, यदि उनी विवाह अघि नै आमा भएको पाईयो भने, त्यसो हो भने उनलाई ढुंगाले हानिनुपर्थ्यो, र अब उनीसंग कोहि हुनुपर्थ्यो जो उनको लागि ढालको रूपमा उभिन सक्थ्यो। र त्यो यस्तो देखिन्थ्यो, सम्पूर्ण रूपले, उनी यहि नै गर्न खोज्दै थिईन् जस्तो देखिन्थ्यो।

62 तर योसेफले उनको ठूला सुन्दर आँखामा हेर्दै, र उनले भन्थिन्, "योसेफ, गाब्रिएलले मलाई भनेको थियो, 'पवित्र आत्माले तिमीलाई ढाकेको छ, र यो कुरा जुन तिमी—तिमीमा गर्भधारण हुनेछ त्यो पवित्र आत्माद्वारा हो। यो परमेश्वर हुनुहुन्छ। यसलाई यो नै भनेर बोलाईने छ, "परमेश्वरको पुत्र।"'" र, योसेफ, उनी—उनी—उनी यो विश्वास गर्न चाहन्थे, तर यो यति असामान्य थियो। त्यस्तो पहिले कहिल्यै पनि भएको थिएन।

63 र त्यहि नै तरिकामा आज भएको छ। यदि हामीले केवल...यदि म संग मानिसहरुलाई कुनै पनि कुराको असामान्यटा देखाउने केहि तरिका भईदिएको भए, यदि यो वचनद्वारा पहिचान गरिएको छ भने, त्यसो हो भने यो के हो यसको विशेषताहरुले यसलाई प्रमाणित गर्नेथियो। यो परमेश्वर कार्यमा हुनुहुन्छ।

64 योसेफले यसलाई थाहा पाएको हुनुपर्छ। उनले "एउटा कन्याले गर्भधारण गर्नेछ।" भन्ने कुरा जानेको हुनुपर्दछ। तर उनी यसमा इमानदार थिए। उसले उनलाई बहिष्कार गरेका थिएनन्, गोप्य रूपमा, तर उसले उसले—उसले यसो गर्नको लागि चाहि विचार गरिरहेका थिए।

65 र त्यसपछि परमप्रभुको स्वर्गदुत एउटा सपनामा उनीकहाँ देखा परे। के तपाईले कहिल्यै सोच्नुभएको छ कि उहाँ किन सपनामा देखा पर्नुभयो

भनि? ती दिनहरुमा त्यहाँ कुनै अगमवक्ताहरु थिएनन्। तिनीहरु सपना यति सरल थियो, यसलाई कुनै व्याख्या आवश्यक थिएन। भन्नुभयो, "योसेफ, तिमी दाऊदको पुत्र, तेरो पत्नी मरियमलाई स्वीकार्न नडरा, किनकि जो उनमा गर्भधारण हुनुभएको छ उहाँ पवित्र आत्माद्वारा हुनुहुन्छ।" हेर्नुहोस्, तब, त्यसले सबै समाधान गर्यो। हेर्नुहोस्, उहाँ उनको सपनामा आउनुभयो, दोस्रो रुपमा। तर, तपाईले देख्नुहुन्छ, त्यस वचनलाई चिनाउनको लागि त्यहाँ कुनै अगमवक्ता थिएनन्, कि, "यहि नै कन्या हुँन् जो गर्भधारण हुनेछिन्।" बुझ्नुभयो? त्यसैले, त्यसैकारण, उहाँ उनको सपनामा देखा पर्नुभयो, किनभने उनी इमानदार थिए र धार्मिक र एउटा असल मानिस थिए।

66 र म विश्वास गर्छु कि परमेश्वर कुनै पनि असल मानिस कहाँ आउनुहुनेछ, कुनै तरिकामा, र त्यस असल मानिसलाई उहाँको कामहरु पहिचान गराउनुहुन्छ, यस युगको लागि, यदि त्यस मानिस त्यस युगको लागि परमेश्वरबाट बोलाईएको हो भने।

67 अब, तर यो यति असामान्य थियो, तिनीहरुले केवल यसलाई बुझ्न सकेनन्। तर, सधै, युगको लागि प्रतिज्ञा गरिएको वचन अनुसार देखा पर्नुहुन्छ, सबै यी असामान्यता।

अब त्यहाँ केहि मानसिहरु वरिपरी जानसक्छन्, र भन्छन्, "ठिक छ, *यो* असामान्य हो, त्यो परमेश्वर हुनुहुन्छ। *यो* असामान्य छ।"

68 तर, तपाईले देख्नुहुन्छ, यो वचनद्वारा पहिचान गरिनुपर्दछ, र परमेश्वरको वचन। बुझ्नुभयो? र त्यसपछि यस पहिचानको गुणहरुले यो को हुनुहुन्छ भन्ने पहिचान दिँदछ, किनभने परमेश्वरले भन्नुभयो, "*यो* हुन आउनेछ," र यो हुन्छ। बुझ्नुभयो? यसको गुण भनेको के हुँदैछ त्यसको गुणले परमेश्वरको वचन पहिचान हुनु हो।

69 उहाँले भनुभयो कि अन्तिम दिनहरुमा उहाँले पवित्र आत्मा खन्याउनुहुनेछ। उहाँले यसो गर्नुभयो। यसको गुणले यो परमेश्वर हुनुहुन्छ भनि पहिचान गर्यो, उहाँको प्रतिज्ञा गरेको वचन। बुझ्नुभयो, यसले सधै आफैलाई परिचित गराउछ।

70 अब, सधै, हरेक समय, वचनलाई सच्याउछ, जब वचन गलत भनिन्छ। के तपाईले कहिल्यै याद गर्नुभएको छ? यो नोआको दिनमा थियो, जसले त्यस वैज्ञानिक युगलाई सच्यायो, कि परमेश्वरले स्वर्गबाट पानी तल

ल्याऊदै हुनुहुन्थ्यो। यो मोशा थियो, बुझ्नुभयो, जसले सच्यायो जब तिनीहरु सबै मिश्रमा बसोबास गरेका थिए, र त्यस्तै, तर परमेश्वरको वचन पहिचान हुनको लागि आउनपर्थ्यो। र परमेश्वरको सत्यले त्रुटिलाई सच्याउछ।

71 म तपाईलाई केहि सोध्न चाहन्छु। हामीहरु यहाँ थोरै गहिराईमा जान सक्छौ। मैले शिक्षा वा सिद्धान्तको प्रचार गर्न पर्ने त होइन, तर म तपाईलाई एउटा प्रश्न सोध्छु।

72 येशू वचन हुनुहुन्थ्यो। हामीलाई त्यो थाहा छ। बाईबलले यो थियो भनि भनेको छ। सन्त यूहन्ना, पहिलो अध्याय, "आदिमा वचन थियो, र वचन परमेश्वरसंग थियो, र वचन परमेश्वर हुनुहुन्थ्यो। र वचन देहधारी भयो र हामीमाझ वास गर्नुभयो।" उहाँ अझै पनि वचन हुनुहुन्छ। त्यसपछि जब उहाँले तिनीहरुका विचारहरु बुझ्नुसक्नुहुन्थ्यो, तिनीहरुले यो जान्नपर्ने थियो कि त्यो वचन थियो भनि, किनभने त्यहि नै उहाँले गर्नुहुन्छ भनि परमेश्वरको वचनले भनेको थियो। उहाँ अगमवक्ता हुनुहुन्थ्यो।

73 अब ध्यान दिनुहोस्, हामीले पाउँछौ कि जब उहाँ जन्मनुभयो, लगभग बाह्र वर्षको उमेरमा, उहाँ छाप्रोबासको चाडमा जानुभयो। र तिनीहरु माथी निस्तारको चाडमा गएका थिए। र, तिनीहरु फर्किने बेलामा, तिनीहरु तिन दिने यात्रामा गएका थिए र तिनीहरुले उनलाई गुमाए; बुझ्दै, सोच्दै, बरु, यो अनुमान गर्दै कि उहाँ तिनीहरुका मानिसहरुका बिचमा छन्।

74 हामीले यसबाट एउटा पाठ बनाउनसक्छौ। त्यो आज कति धेरै छ! अब तपाई मेथोडिष्ट, ब्याप्टिष्ट, प्रेस्बिटेरियन, लूथरन, क्याथोलिक, जो कोहि पनि तपाई हुनुहुन्छ, बुझ्नुभयो, तपाईले त्यहि नै काम गरिरहनुभएको छ। तपाई जान्नुहुन्छ किनभने वेस्लीको ठूलो जागृति भएको थियो, लुथरको एउटा ठूलो जागृति भएको थियो, या पेन्टिकोष्टलको एउटा ठूलो जागृति भएको थियो, तपाई मान्नुहुन्छ कि उहाँ मानिसहरुको बीचमा हुनुहुन्छ, जब, कहिले काहि उहाँ त्यहाँ हुनुहुन्न।

75 तिनीहरुले उहाँलाई खोज्न हिडे। तिनीहरुले उहाँलाई कहाँ भेटे? जहाँ तिनीहरुले उहाँलाई छोडेका थिए, यरूशलेममा। र जब तिनीहरुले उहाँलाई भेटे, उहाँले के गर्दै हुनुहुन्थ्यो? एउटा सानो केटा, बाह्र वर्षको उमेर, शायद उको आमाले सिकाएको भन्दा बढि सिक्न विद्यालय कहिल्यै पनि प्रवेश गरेको थिएन होला; र यहाँ उहाँ मन्दिरमा हुनुहुन्थ्यो, ती

पूजाहारीहरुसंग परमेश्वरको बारेमा, बहस गर्दै हुनुहुन्थ्यो। र तिनीहरु यस बालकको विवेकबाट अचम्मित भएका थिए। किन? उहाँ वचन हुनुहुन्थ्यो। अब हेर्नुहोस्।

76 र अब तपाई क्याथोलिक मानिसहरुलाई अपमान गरेको होइन जसले मरियमलाई परमेश्वरको आमा भनि पुकार्नुहुन्छ, तर मलाई यहाँ एउटा सानो त्रुटि तपाईसामू देखाउन दिनुहोस्। यदि मण्डली मरियम माथि बनाईएको छ भने, हेर्नुहोस् के भयो। अब उनी आईन् र उनले भनिन्, “ओ, तिम्रो पिता र मैले तिमीलाई, आँशु बोकेर खोज्यौ।” यस अभिव्यक्तिलाई हेर्नुहोस्, त्यसपछि उनले आफ्नै गवाहिलाई निन्दा गरिन्। उनले भनिन्, “तिम्रो पिता र मैले तिमीलाई, आँशु बोकेर खोज्यौ।”

77 यस शब्दलाई हेर्नुहोस्। उहाँ वचन हुनुहुन्थ्यो। उहाँले भन्नुभयो, “के म आफ्ना पिताको घरमा हुनुपर्छ भन्ने तपाईंहरूलाई थाहा थिएन?” हेर्नुहोस् वचनले त्रुटिलाई सच्याएको। त्यहाँ ठिक ती पुजाहारीको अगाडि, उनले आफ्नो गवाहि बिगारिन्। भनेको थियो कि उनी पवित्र आत्माद्वारा गर्भधारण भएकि थिईन्, र यहाँ उनले भनिन् कि योसेफ उनको “पिता” हो। त्यो शब्दले यसलाई छिटो समातेको हेर्नुहोस्? उहाँ वचन हुनुहुन्थ्यो। अब, तपाईलाई थाहा छ कि एउटा बाह्र–वर्ष–उमेरको केटाले त्यसो गर्न सक्दैन। उहाँ वचन हुनुहुन्थ्यो। उहाँ त्यस युगको बोलिएको वचन हुनुहुन्थ्यो, त्यसैकारणले परमेश्वरको पहिचान गरिएको गुण ख्रीष्टमा थियो। उहाँले त्रुटिलाई सच्याउनुभयो। उहाँले भन्नुभयो...

तिनीहरुले भने, “किन, हामीहरु मोशाको चेलाहरु हौँ।” बुझ्नुभयो?

78 उहाँले भन्नुभयो, “यदि तिमी मोशाको चेला थियौ भने, तिमीले मलाई चिन्ने थियौ। उनले मेरो बारेमा लेखे। मोशाले भनेका थिए, ‘परमप्रभु परमेश्वरले मलाई खड़ा गर्नुभएजस्तै तिमीहरूका दाजुभाइहरूका माझबाट एक जना अगमवक्ता तिमीहरूका निम्ति खड़ा गर्नुहुनेछ।’ तिमीले मलाई चिन्ने थियौ यदि तिमीले मोशालाई चिनेको थियौ भने।”

79 र, हेर्नुहोस्, वचनले सधै यस दिनको त्रुटिलाई सच्याउछ। तर मानिसहरुले यसलाई विश्वास गर्न चाहदैनन्। तिनीहरु केवल, जस्ताको तस्तै रहन चाहन्छन्।

80 तर येशूले उहाँको आफ्नै आमालाई सच्याउनुभयो। र उहाँको आमा गलतमा थियो, किनभने उनले पहिले नै भनिसकेकी थिईन् कि त्यो पवित्र

आत्माद्वारा उनको गर्भमा राखिएको बच्चा थियो, र यहाँनिर उनले आफ्नो गवाहि घुमाउछिन् र भन्छिन् कि योसेफ उहाँको "पिता" थियो, येशू—येशूको पिता थियो। अब यदि—यदि योसेफ...

81 यदि उहाँ योसेफको पुत्र हुनुहुन्थ्यो भने, यदि उहाँ उहाँको पिताको कार्यमा हुनुहुन्थ्यो भने, उहाँ तल सिकर्मीको पसलमा बसिरहेको हुनेथियो।

82 तर उहाँ आफ्नो पिताको काममा हुनुहुन्थ्यो, माथि मन्दिरमा, ती संस्थाहरुलाई हप्काउदै हुनुहुन्थ्यो। बुझ्नुभयो? उहाँ आफ्नो पिताको काममा हुनुहुन्थ्यो, केवल एउटा बाह्र–वर्ष–उमेरको बालक। "के म आफ्ना पिताको घरमा हुनुपर्छ भन्ने तपाईंहरूलाई थाहा थिएन?"

83 के तपाईले ध्यान दिनुभएको छ कि येशू शैतानबाट कहिले परिक्षामा पर्नुभयो? त्यहाँ उहाँको गुण, जब उहाँ आफ्नो परिक्षामा हुनुहुन्थ्यो, आफैलाई परमेश्वर भनि पहिचान गराउनुभयो, किनभने उहाँ वचनसंग रहनुभयो। बुझ्नुभयो? "यस्तो लेखिएको छ," शैतानले भन्यो।

येशूले भन्नुभयो, "यो पनि लेखिएको छ," ठिक वचनसंगै रहनुभयो।

84 "परमेश्वर, प्राचिन समयमा," हामीले यहाँ पढ्छौ। "परमेश्वर, प्राचिन समयमा," त्यो पुरानो समयहरु हो, "विभिन्न तरिकामा," धेरै तरिकाले, "आफैलाई उहाँको अगमवक्ताहरुमा दर्शनहरुद्वारा पहिचान गराउनुभयो।" त्यो एउटा अगमवक्ताको गुण थियो, जुन उनले भन्थ्यो र यो पूरा हुन्थ्यो। अब त्यो उनको पहिचानको गुण हो, कि परमेश्वर उनमा थियो। तब त्यसले उनलाई त्यस दिनको वचन व्याख्या गर्न अधिकार दिन्थ्यो, किनभने, "परमेश्वरको वचन अगमवक्ताहरुमा आउदछ," अगमवक्ताको गुण, जुन उनले भविष्यवाणी गर्थ्यो।

85 बाईबलले भनेको छ, "यदि त्यहाँ एकजना छ, र उसले जे भनेको त्यो पूरा हुन्छ, त्यसो हो भने तिमीहरुले उसलाई सुन; तर, यदि त्यो हुदैन, उसलाई विश्वास नगर, त्यससंग नाडराओ, तर मेरो...यदि—यदि मेरो वचन त्यसमा छैन भने। तर यदि त्यो पूरा हुन्छ भने, त्यसो हो भने मेरो वचन त्यसमा छ।" त्यो उसको पहिचान हो। त्यो नै एउटा अगमवक्ताको गुण हो।

86 अब, परमेश्वर, प्राचिन समयमा, त्यो नै तरिका हो जहाँ उहाँले आफ्नो पहिचानको गुणहरु मानिसमा देखाउनुभयो, एउटा मानिसबाट भएर बोल्दै जसलाई एउटा अगमवक्ता हुनको निम्ति बोलाईएको थियो। अब, बाईबलले

भन्छ कि, “प्राचिन कालमा हाम्रा पितापुर्खाहरूसँग, अगमवक्ताहरूद्वारा धेरै र विभिन्न किसिमले परमेश्वर बोल्नुभयो।”

87 हामीले यो पनि पढ्छौ, दोश्रो पत्रुसमा, कि परमेश्वरको पूरा वचन तिनीहरुद्वारा लेखिएको थियो। “पवित्र आत्माद्वारा उत्प्रेरित, पुरानो मानिसले, बाईबल लेखे।” तिनीहरु अगमवक्ताहरु थिए। वचन तिनीहरुमा आयो र तिनीहरुले यसलाई लेखे, तल लेखे, प्रेरणामा भएर लेखे। पहिलो त तिनीहरु अगमवक्ता भनि पहिचान गराईएको थियो, त्यसपछि तिनीहरु—तिनीहरुले प्रेरणाको वचन लेखे, र तिनीहरुमा दिव्य प्रकाशको व्याख्या किनभने मानिसमा यो परमेश्वर हुनुहुन्थ्यो।

88 त्यो तरिकामा उहाँले आफ्नो पहिचानको गुणहरुमा आफैलाई देखाउनुभयो, तिनीहरुको दर्शनहरु प्रमाणित हुनु, तिनीहरुमा परमेश्वरको गुण हो, आफैलाई मानिसहरुमा चिनाउनुभयो।

89 अब, त्यो मात्रै तरिकामा उहाँ ख्रीष्टमा हुनुहुन्थ्यो। एउटा अगमवक्ता केवल एउटा सानो कण थियो। ख्रीष्ट परमेश्वरको परिपूर्णटा हुनुहुन्थ्यो। र परमेश्वर ख्रीष्टमा हुनुहुन्थ्यो, आफैमा संसारलाई मिलाप गर्दै हुनुहुन्थ्यो। र उहाँको गुणले, उहाँ के हुनुहुन्थ्यो त्यो उहाँलाई चिनायो, यतिसम्म कि उहाँले भन्नुभयो, “यदि मैले मेरो पिताको कार्यहरु गर्दिन भने, यसलाई विश्वास नगर। यदि ममा मेरो पिताको चरित्र छैन भने, मलाई विश्वास नगर, मेरा दावीहरुलाई विश्वास नगर। यदि ममा मेरो पिताको चरित्र छैन भने, यसलाई विश्वासै नगर।”

90 अब, उहाँको गुणहरु कहिल्यै परिवर्तन हुदैन। परमेश्वरले आफ्नो चरित्र परिवर्तन गर्नसक्नुहुन्न, जत्तिको एउटा—एउटा भेडा—भेडाले आफ्नो चरित्र परिवर्तन गर्न सक्दैन, या त अन्य चिजले आफ्नो गुणहरु परिवर्तन गर्नसक्दैन। किनभने, जबसम्म यो आफ्नो असलियतमा छ, सक्कल छ। र यदि तपाईले केहि परिवर्तन गर्नुहुन्छ भने, त्यसो हो भने तपाईले यसको आफ्नो सक्कल स्थितिबाट परिवर्तन गर्नुहुन्छ।

91 यो ठिक त्यस्तै हो कि तपाईले एउटा—एउटा सुँगुर लिनुहुन्छ, र तपाईले सुँगुरलाई नुहाईदिन सक्नुहुन्छ र—र त्यसको खुट्टाको नङमा रङ्ग लगाईदिन सक्नुहुन्छ, जस्तो महिलाले गर्छन्, र लिपस्टिक साथमा लगाउछन्, र एउटा राम्रो पोशाक लागाउछन्। त्यो पुरानो बीउलाई निकाल्नुहोस्, उनी सीधा हिलोमा जान्छिन्, र फेरी हिलोमा जान्छिन्।

किन? उनी एउटा सुँगुर हुँ, त्यो नै हो। तर, र, तर, तपाईलाई थाहा छ, तपाईले बनाउनुहुन्न थियो...

92 एउटा थूमाले त्यसो गर्दैन। ऊ त्यो हिलोमा सम्म जाँदैन। उसलाई त्योसंग गर्न केहि पनि छैन। यो यसको गुण हो। बुझ्नुभयो? तपाईले उसलाई उही खालको पोशाक लगाईदिनु हुन्छ होला, तर उसले पक्कै पनि गर्नेछैन, ऊ पक्कै पनि जानेछैन। बाहिरी कुराले केहि फरक पार्दैन; यो भित्री कुरा हो। अब, परमेश्वर सबै जीवनको श्रोत हुनुभएको हुनाले...

93 तपाईले यो बुझ्न असफल नहुनुहोस्। म कोशिष गर्दैछु, मसंग भएको सबैकुराले, तपाईले केहि देख्न सक्नको लागि। बुझ्नुभयो? यो तपाईको राम्रोको लागि हो, मित्रहरु। यो तपाईको लागि—लागि हो। बुझ्नुभयो?

94 म यहाँ देखा पर्नको लागि मात्रै आएको होइन। म यहाँ यसकारणले आएको होइन, किनकि त्यहाँ मेरो लागि अर्को कुनै जाने ठाउँ थिएन। म यहाँ आएको छु किनभने मलाई यहाँ आउने मन भयो। मलाई लाग्यो कि प्रभुले मलाई दिनुभएको सेवा यहाँका मानिसहरुका बिचमा देखाईनुपर्छ, र म तपाईलाई अहिले परमेश्वर वास्तवमा के हुनुहुन्छ त्यो देखाउन कोशिष गर्दैछु। उहाँ उहाँको प्रतिज्ञा गरिएको वचन हुनुहुन्छ। उहाँ सधै वचन हुनुहुन्छ, र उहाँले प्रतिज्ञा गर्नुभएको गुणहरुबाट आफैलाई चिनाउनुहुन्छ। एउटा निश्चित चरित्र एउटा निश्चित समयमा उठ्नेछ, त्यो वचनमा छ, त्यसपछि यस व्यक्तिको गुण जुन उठ्नेपर्ने हो त्यसले त्यहि नै व्यक्ति हो हुनुपर्छ भनि पहिचान गराउदछ।

95 त्यहि नै कारण हो येशू त्यो हुनुपर्थ्यो जो उहाँ हुनुहुन्थ्यो। तिनीहरुले यो देख्नुपर्ने थियो। कुनै आश्चर्य कुरा होइन कि तिनीहरु अन्धा थिए। कुरा... भन्नुभयो, यद्धपि उहाँले धेरै चमत्कारहरु गर्नुभयो, तरै पनि तिनीहरुले विश्वास गर्नसकेनन्, किनभने यशैयाले भने, "तिनीहरुसंग आँखा छ तर देख्दैनन्, कान छ र पनि सुन्दैनन्।" बुझ्नुभयो? हरेक युगमा, उहाँको युगमा मात्रै होइन; तर प्रत्येक युगमा, कसरी, "परमेश्वरले, प्राचिन समयमा, विभिन्न तरिकाले," अझै पनि तिनीहरुले यो पाउन सकेनन्।

96 अब, उहाँको गुणहरु कहिल्यै असफल हुदैनन्। यो सहदै उस्तै छ। अब, सम्झनुहोस्, उहाँको गुणहरु, परमेश्वरको गुणहरु, असफल हुनसक्दैनन्। यदि यो हुन्छ भने, तब परमेश्वर असफल हुनुहुन्छ। र बाईबलले भनेको छ, हिब्रू १३:८ मा, कि, "येशू ख्रीष्ट हिजो, आज, र सधैभरी एकसमान

हुनुहुन्छ।” त्यसैकारणले, उहाँ परिवर्तन नहुने परमेश्वर हुनुहुन्छ। उहाँ शुरूमा जुन चरित्रमा हुनुहुन्थ्यो, आज पनि त्यहि चरित्रमा हुनुहुन्छ। हरेक तरिकाले उहाँले काम गर्नुभएको थियो, कुनै पनि समयमा उहाँले जे केहि पनि गर्नुभयो, उहाँले हरसमयमा उहि तरिकाले काम गर्नुभयो। यदि उहाँले गर्नुहुन्न भने, यो उहाँको चरित्र परिवर्तन भएको हो, हेर्नुहोस्, र उहाँको गुणले केहि त्यस्तो देखाउनेछ जुन परमेश्वरको होइन। बुझ्नुभयो? त्यसैले हामीले जान्दैनौ कहाँ...

97 जसरी पावलले भनेको थियो, “यदि तुरहीले अनिश्चित आवाज दिन्छ भने, यदि तुरहीले अनिश्चित आवाज दिन्छ भने, युद्धको लागि तयारी गर्न कसले जान्नेछ?” अब यदि तुरही “पछि हट्न,” को लागि बजाईन्छ भने, हामीले त्यहि गर्नुपर्छ, पछि हट्ने। यदि तुरहिले “प्रहार,” गर्नको लागि बज्छ भने हामीले त्यहि नै गर्नु पर्ने हो, लड्ने। तर तुरही के हो? यो परमेश्वरको वचन हो। यसले परमेश्वरलाई पहिचान गर्छ, चाहे यो—चाहे यो “माथी जा, तल बस, पछि हट्, हतियार उठा,” यो जे केहि पनि हो। यो परमेश्वरको तुरहीको आवाज हो।

98 र एक अनिश्चित आवाज, जब बाईबलले कुनै निश्चित कुरा हुन आउनेछ भन्दछ; कसैले भन्छ, “ओ, त्यो त अर्कै दिनको थियो, त्यो।” तब त्यहाँ एउटा अनिश्चित आवाज छ। तब के गर्न पर्ने हो तपाईलाई थाहा हुदैन।

99 येशूले भन्नुभयो, “मसंग मेरो जीवन अन्त्य गर्ने र यसलाई फेरी उठाउने शक्ति छ।” त्यहाँ कुनै अनिश्चित आवाज छैन।

100 स्त्रीले भनिन्, “हामी जान्दछौ कि मसिह आउनुहुनेछ; र जब उहाँ आउनुहुनेछ, उहाँले हामीलाई उहाँले गर्नुभएका कुराहरु बताउनुहुनेछ।”

101 उहाँले भन्नुभयो, “म उहि हुँ।” त्यहाँ कुनै अनिश्चित आवाज छैन। “म उहि हुँ।” अ-ह! आमेन।

तिनीहरुले भनि, “हाम्रा पिताहरुले उजाडस्थानमा मान्न खाए।”

102 उहाँले भन्नुभयो, “तिनीहरु, सबै, मृत छन्।” उहाँले भन्नुभयो, “तर म जीवनको रोटी जुन माथि स्वर्गमा बस्नु हुने परमेश्वरबाट आएको हुँ।” कुनै अनिश्चित आवाज होइन। “म अदनको बगैँचाबाट आएको जीवनको रूख हुँ।” होइन, त्यस विषयमा कुनै अनिश्चित आवाज छैन। निश्चय नै छैन। यसको विषयमा केहि पनि अनिश्चित छैन।उहाँले गर्नुभएका सबै कुरामा उहाँ निश्चित हुनुहुन्थ्यो।

103 बाईबलले अनिश्चित आवाज दिदैन। यसले आफ्नो ध्वनिमा परमेश्वरको गुणहरुलाई चिनाउछ।

104 येशूले भन्नुभयो, सन्त यूहन्ना १०:३७ मा, "यदि मैले मेरा पिताका काम गरेको छैनँ भने, के...र ममा मेरो पिताको चरित्र छैन भने, ममाथि विश्वास नगर। तिनीहरु एक हुन्, तिनीहरुले उहाँको चरित्र, उहाँको विशेषताहरु ममा पहिचान गर्दछन्।"

105 किनभने, पिता वचन हुनुहुन्छ, "आदिमा वचन थियो, र वचन परमेश्वरसंग थियो, र वचन नै परमेश्वर हुनुहुन्थ्यो," र परमेश्वरको गुणहरु त्यस युगको लागि उहाँको प्रतिज्ञाद्वारा प्रदर्शित हुन्छ।

106 अब यदि उहाँ मोशाको समयमा जिउनुभएको भए, यसले काम गर्दैन थियो। र यदि मोशा उहाँको समयमा जिएको भए, यसले काम नै गर्ने थिएन। यदि यदि उहाँ नोआको दिनहरुमा जिउनुभएको भए, यसले काम गर्ने थिएन, या यदि नोआ उहाँको समयमा जिएको भए। नोआले ती कुराहरुको लागि अगमवाणी बोलिरहेका थिए जुन त्यस दिनका लागि थियो, र उनको गुणहरु र उनले के गरे ती कुराले उनलाई परमेश्वरको वचनसंग पहिचान गरायो। मोशाले पनि त्यहि गरे।

107 र यहाँ येशू आउनुभयो, र त्यस युगको लागि प्रतिज्ञा गरेको वचन येशू ख्रीष्टमा पहिचान गराईएको थियो वचनको गुणहरुद्वारा, जो परमेश्वर हुनुहुन्छ। आमेन।

108 अन्तिम दिनहरुमा, आम मानिसहरुमा, पवित्र आत्मा खन्याईएनु, ले मानिसहरुसंग परमेश्वरको गुणहरु पहिचान गराईएको छ। उहाँले यो प्रतिज्ञा गर्नुभयो। यो वचन हो। उहाँले यो गर्नेछु भनि भन्नुभएको थियो। कसले पनि यसलाई फिर्ता लानसक्दैन। उहाँले यो गर्नेछु भनि भन्नुभएको थियो।

109 त्यसैले यी सबै कुराहरु जुन उहाँले प्रतिज्ञा गर्नुभएको थियो, त्यहि नै उहाले गर्नुहुन्छ। यसले उहाँको गुण पहिचान गर्दछ। हो, महोदय। "यो विश्वास नगर्नुस्, मेरा दावीहरु विश्वास नगर्नुहोस्, यदि मेरा गुणहरु परमेश्वरको होइन भने।"

110 अब यूहन्ना १४:१२ मा ध्यान दिनुहोस्, "जसले ममाथि विश्वास गर्छ," उहाँले भन्नुभयो, "मेरा पहिचानहरु, मेरा गुणहरु। जसले ममाथि विश्वास गर्दछ, मैले गर्ने कामहरु त्यसले पनि गर्नेछ।" त्यसले पहिचान गर्छ कि ख्रीष्टको चरित्र उसमा छ, उहाँको गुणहरु दर्शाउदैछ। आमेन।

111 म अहिले थोरै धार्मिक महसूस गर्दैछु, यदि म रूखो भईरहेको छु भने। हो, महोदय। ओ, मेरो! हेर्नुहोस्, यसमा त्यहाँ कुनै गल्ति छैन! उहाँको जीवन! "जसले मलाई विश्वास गर्दछ, त्यसले मैले गरेका काम पनि गर्नेछ।" हेर्नुहोस्, त्यसले गुणहरु पहिचान गराउदछ।

112 उहि कुरा उहाँले भन्नुभयो: "यदि मेरो चरित्रले मलाई चिनाउदैन भने," परमेश्वर उहाँ भित्र—भित्र हुनुहुन्छ भनि, तब उहाँ...उहाँलाई विश्वास नगर्नुहोस्। अब, उहाँले यो पनि भन्नुभयो कि उहाँ त्यसमा अभिज्ञात हुनुहुनेछ। तब, त्यो, यदि यसले उहाँलाई अभिज्ञात गराउदैन भने, त्यसो हो भने उहाँले भन्नुभएको कुरा उहाँ हुनुहुन्न।

113 र, आज, यदि परमेश्वरले आफैलाई चिनाउनुहुन्न भने, ख्रीष्टको गुणहरुले हामीलाई ख्रीष्टको भएको रूपमा चिनाउँछ, वचन विश्वास गरेर... येशू वचन हुनुहुन्थ्यो, त्यसैले उहाँले वचनलाई विश्वास गर्नुपर्थ्यो। र कसरी हामीले यो भन्न सक्छौ कि हामी ख्रीष्टका हौँ, र त्यस बाईबलको कुनै वचनलाई अस्वीकार गर्नसक्छौ? ख्रीष्टको पवित्र आत्मा तपाईमा परमेश्वर हुनु हो, र यसले प्रत्येक प्रतिज्ञालाई एउटा "आमेन" का साथ जोर दिदछ। बाईबलले भनेको छ, "विश्वास गर्नेहरुमा यी चिन्हहरु हुनेछ।" परमेश्वरको आत्माले भन्नुभयो, "आमेन।" बुझ्नुभयो?

114 ती मध्ये एउटाले भन्दैन, "होइन, त्यो अर्को युगको लागि थियो; त्यो त चेलाहरुको लागि मात्र थियो।"

115 "सारा संसारमा जाउँ र हरेक प्राणीलाई सुसमाचार प्रचार गर। उ, संसारको कुनै पनि ठाउँमा, जसले विश्वास गर्दछ, यी चिन्हहरुले उसलाई पछ्याउनेछ, उहि कुरा।" "हिजो, आज, र सधैभरि एकसमान," गुणहरु पहिचान गरियो।

116 त्यसले हिब्रू १:१ लाई, "प्राचीन कालमा हाम्रा पितापुर्खाहरूसँग अगमवक्ताहरूद्वारा धेरै र विभिन्न किसिमले परमेश्वर बोल्नुभयो," ख्रीष्टलाई चिनाउदै, आज पुनरुत्थान भएको, त्यहि गुणबाट जुन उहाँले प्राचीन कालमा गर्नुभएको थियो। के तपाईले ध्यान दिनुभयो? परमेश्वरले कहिल्यै पनि आफ्नो तरिका परिवर्तन गर्नुहुदैन।

117 पुरानो बाईबलमा, जब सपनादर्शीले एउटा सपना देख्थ्यो, र यो सपना सहि हो या होइन भनि हेर्नको लागि त्यहाँ भूमिमा कुनै अगमवक्ता थिएन, तिनीहरुसंग पत्ता लगाउनलाई अर्को तरिका थियो। तिनीहरुले

त्यो पात्रलाई लिन्थे, जो कोहिले सपना देख्थे, उसलाई तल मन्दिरमा लगिन्थ्यो। हारूनको छातीको पाता, जो मूख्य पूजाहारी थियो, खम्बामा झुण्डाईएको हुन्थ्यो। र यो सपनादर्शी आफ्नो सपना भन्थ्यो। यो जतिसुकै राम्रो सुनिए पनि, जति नै वास्तविक सुनिए पनि; यदि ती ढुङ्गाहरुमा त्यहाँ एउटा अलौकिक ज्योति नचम्किएको भए, जसलाई उरीम थुम्मिम भनिन्छ (बाईबल पाठकहरुले बुझ्नुहुन्छ); त्यसो भए, यो जतिसुकै सत्य सुनोस् मलाई त्यसमा मतलव छैन, यो त्यस्तो थिएन। परमेश्वरको असाधारणता, परमेश्वरको चरित्र, अलौकिक रूपमा आफ्नो गुणहरु प्रदर्शन गर्नुपर्थ्यो, यो देखाउनको लागि कि उहाँले आफैलाई यस सन्देशमा पहिचान गराउनुभएको छ। आमेन।

118 म पनि आज राति त्यहि कुरा भन्छु। पुरानो उरीम थुम्मिम गएको छ, तर वचन अझै पनि त्यो कुरा हो जसले परमेश्वरको गुणहरु पहिचान गराउदछ, हामी जिईरहेको समयको प्रतिज्ञा। त्यहाँ हामी जिईरहेको यस समयको लागि गरिएको प्रतिज्ञाद्वारा परमेश्वरको गुण पहिचान गरिएको छ।

119 त्यसले परमेश्वरलाई उहाँ जो हुनुहुन्छ त्यहि बनाउदछ। “प्राचीन कालमा,” हेर्नुहोस्, “विभिन्न किसिमले, हाम्रा पितापुर्खाहरूसँग अगमवक्ताहरूद्वारा उहाँले बोल्नुभयो।” “र व्यवस्था र अगमवक्ताहरु यूहन्नाको समयसम्म मात्रै थियो; तब देखि, स्वर्गको राज्य।” ध्यान दिनुहोस्, “तर यो अन्तिम दिनमा,” उहि कुरा बोल्दै गर्दा जुन उहाँले त्यसबेला गर्नुभयो, “उहाँको पुत्र ख्रीष्ट येशूद्वारा।” “प्राचीन कालमा हाम्रा पितापुर्खाहरूसँग अगमवक्ताहरूद्वारा धेरै र विभिन्न किसिमले परमेश्वर बोल्नुभयो,” उहि कुरा गर्दै, “मानिसहरुसंग (पूर्खाहरु) बोल्दै उहाँको पुत्र ख्रीष्ट येशूद्वारा।” उहाँलाई मरेकाहरुबाट बौरी उठाउनुभयो, र उहाँ हामी भित्र जिउनुहुन्छ, आफैलाई पहिचान गराउदै र हुन आउने कुराहरु बताउदै, कि उहाँ हृदयको विचारहरु र अभिप्राय जान्ने हुनुहुन्छ। येशू ख्रीष्ट हिजो, आज र सधैंभरि एकसमान हुनुहुन्छ! “प्राचीन कालमा हाम्रा पितापुर्खाहरूसँग अगमवक्ताहरूद्वारा धेरै र विभिन्न किसिमले परमेश्वर बोल्नुभयो, तर यी आखिरी दिनहरूमा उहाँ आफ्ना पुत्रद्वारा हामीसँग बोल्नुभएको छ।” धर्मशास्त्र छेडछाड गर्न मिल्दैन। यो ठिक छ।

120 जस्तो मैले पहिले नै भने झैँ, परमेश्वरलाई उहाँको वचन व्याख्या गर्न अरु कोहि आवश्यक छैन। उहाँ आफैले आफ्नो वाचन व्याख्या गर्नुहुन्छ।

जब उहाँले केहि कुरा भन्नुहुन्छ, यो हुन्छ, त्यो नै व्याख्या हो। बुझ्नुभयो? उहाँलाई यसो भन्नको अन्य कोहि चाहिदैन, "ठिक छ, म विश्वास गर्छु कि यसको अर्थ *यो* हो।" परमेश्वरले यसलाई उहाँको आफ्नै व्याख्याबाट पहिचान गराउनुहुँ छ।

121 यो, यदि प्रतिज्ञा त्यस दिनको लागि हो भने, हामीहरु लुथरको ज्योतिमा—मा—मा बाँच्न सक्दैनौ, हामीहरु वेस्लीको ज्योतिमा बाँच्न सक्दैनौ, हामीहरु ती मध्येको कुनै पनि ज्योतिमा बाँच्न सक्दैनौ। हामीहरु त्यो प्रकाशमा जिउनुपर्दछ जुन यस दिनको लागि प्रतिज्ञा गरिएको छ।

122 के हुन्थ्यो यदि मोशा तल मिश्रमा गएर, र यसो भनेको भए, "ठिक छ, हामीहरु एउटा ठूलो डुंगा बनाउन जाँदैछौ। हामीहरु यस देशबाट बाहिर तैरेर जानेवाला छौ। नाईल नदी माथी आउनेवाला छ"? तिनीहरुले गएर चर्मपत्रमा हेर्ने थिए; त्यहाँ यस कुराको कुनै प्रतिज्ञा नै छैन। त्यो सहि हो। तर, तपाई हेर्नुहोस्, उनले आफैलाई परमेश्वरको एउटा अगमवक्ताको रूपमा पहिचान गराए, किनकि उनले जे भनेका थिए त्यो हुन आयो, त्यसपछि तिनीहरुले जाने कि उनमा परमप्रभुको वचन थियो। फारोसंग भालाहरु थिए, तर्रा मोशासंग वचन थियो। त्यसैले जब तिनीहरु समुन्द्रमा पुगे, भालाहरु सबै समुन्द्र मुनी गए; र मोशाले इस्राएललाई समुन्द्र पार लागे, सुक्खा भूमिमा, किनभने उनीसंग वचन थियो, र उनी त्यस घडीको वचन थिए। मोशा त्यस घडीको लागि प्रकट गरिएका वचन थिए।

एलिया त्यस घडीको लागि प्रकट गरिएका वचन थिए।

123 ख्रीष्ट प्रकट गरिएको वचन हुनुहुन्छ, र उहाँले गर्नुभएको प्रतिज्ञाहरु हुनुहुन्छ। "अब केही समयपछि संसारले मलाई कहिल्यै देख्नेछैन, तर तिमीहरूले मलाई देख्नेछौ, किनकि संसारको अन्त्यसम्म, म तिमीहरुसंग हुनेछु, तिमी भित्र हुनेछु। मैले गरेका कामहरु तिमीहरुले पनि गर्नेछौ।" उहाँले यी कुराहरु वाचा गर्नुभयो। यो के हो? यो परमेश्वरको गुण हो जुन वचनमा देखा परिरहेको छ, जस्तो कि उहाँले हरेक युगहरुमा गर्नुभएको थियो।

124 मलाकी ४, उहाँले भन्नुभयो, "परमप्रभुको महा र डर लाग्दा दिन आउन अघि, हेर, म तिमीहरुकहाँ एलिया अगमवक्ता पठाउनेछु; र त्यस दिन आउन अघि, तिनले छोराहरुको हृदय पिताहरुतर्फ फेरी फर्काउनेछन्।" उहाँले यो प्रतिज्ञा गर्नुभयो।

125 येशूले भन्नुभयो, सन्त लूका १७ औ अध्यायमा, "जसरी सोदोमको दिनमा भएको थियो, मानिसको पुत्र आउने दिनमा पनि त्यस्तै हुनेछ, जब मानिसको पुत्र प्रकट हुनेछ।" जब प्रकाश आफै प्रकट हुन्छ, त्यस दिनहरुमा जब संसार सोदोम जति हुनेछ, यो के हुनेछ? त्यस धर्मशास्त्रको गुण पूरा हुदैछ। परमेश्वरले आफैलाई उहाँको आफ्नो गुणहरुद्वारा चिनाउदै हुनुहुन्छ, त्यस चरित्रबाट जुन उहाँ सधै हुनुहुन्थ्यो। उहाँले त्यो छोड्न सक्नुहुदैन।

126 अन्तिम दिनहरु, उहाँले आफ्नै पुत्रद्वारा पहिचान गर्नुभयो। ध्यान दिनुहोस् परमेश्वरले यी कुराहरु सधै कसरी गर्नुहुन्छ…जसरी उहाँ…उहाँले कहिल्यै पनि आफ्नो तरिका बदल्नुहुदैन।

127 यी तिन जना मानिस जसले अब्राहामसंग कुरा गरे, जस्तो कि हामीले त्यहाँ अगि मात्रै कुरा गरिरहेका थियौ, ती सोदोमका दिनहरुमा।

128 अब्राहाम परमेश्वरमा विश्वास गर्ने एउटा मानिस थिए। उहाँले परमेश्वरलाई उहाँको प्रतिज्ञामा लिए। सारा, उनकि पत्नी, पैसट्ठी वर्षकी थिईन्, अब्राहाम पचहत्तर वर्षका थिए, जब परमेश्वरले उनीहरुलाई बोलाउनुभएको थियो। उहाँले भन्नुभएको थियो कि तिनीहरुले एउटा—एउटा बच्चा जन्माउनेछन्; साराबाट अब्राहामको एउटा बच्चा हुनेछ। यो सुन्दा अलि हास्यास्पद लाग्न सक्छ, तर म कल्पना गर्छु कि उनीसंग सबैकुराहरु थियो—आवश्यक सबैथोक, र सबैकुरा, तयार, किनभने तिनीहरुले यो बच्चा पाउनेवाला थिए।

129 पहिलो अट्ठाईस दिन पछि, किन, अब्राहामले सारालाई भन्यो होला, "तिमीले कस्तो महसूस गर्दैछौ, प्रिय?"

"कुनै फरक नै छैन।"

"परमेश्वरको महिमा होस्, हामीले जसरी नि यो पाउनेछौ।"

"तपाईलाई कसरी थाहा भयो?"

"परमेश्वरले त्यसै भन्नुभएको छ।"

एक वर्ष बित्यो। "कस्तो महसूस भईरहेको छ, प्रिय?"

"केहि फरक नै छैन।"

"हामीले जसरी नि यो पाउनेछौ। परमेश्वरले त्यसै भन्नुभएको छ।"

पाँच वर्ष बित्यो। "कस्तो महसूस भईरहेको छ, प्रिय?"

"केहि फरक नै छैन।"

"हामीले जसरी नि यो पाउनेछौ। परमेश्वरले त्यसै भन्नुभएको छ।"

130 यो के थियो? उनीसंग परमेश्वरको प्रतिज्ञा थियो। उनले परमेश्वरलाई विश्वास गरेका थिए, र उनले परमेश्वरले जस्तै व्यवहार गरे: उनले प्रतिज्ञा गरिएको वचनमा रहे। यो...

131 पच्चीस वर्ष बित्यो। पुठो सुकेर पहेलो भईसक्यो, तर उनले अझै पनि विश्वास गरेर बसे। अब उनी बृद्धा भए, र कुप्रो भएका छन्, र उनी एउटा नराम्रो आकारमा छ; र साराको गर्भ मरेको जत्तिकै नै छ, र ऊ बाँझो छ। र तिनीहरु कस्तो नाजुक अवस्थामा छन्!

132 "तिमीलाई कस्तो लाग्छ, अब्राहाम, जातिहरुमा पिता?" उनको देखावटी विश्वासी साथीहरुले उनलाई भन्छन्।

133 "ठिक छ, परमेश्वरलाई महिमा होस्, म सन्चो नै महसूस गरिरहेको छु। हामीले त्यो बच्चा त, जसरी नि पाउँछौ नै।" किनभने उनी अविश्वासद्वारा परमेश्वरको प्रतिज्ञामा डगमगाएनन्; तर बलियो थियो, परमेश्वरलाई प्रशंसा दिँदै, किनकि उनी पूर्ण रूपले विश्वास्त थिए कि परमेश्वरले जे भन्नुभयो, त्यो पूरा गर्न परमेश्वर सामर्थ हुनुहुन्छ। आमेन। त्यहाँ एउटा विश्वासको गुण छ।

134 तपाईको के छ? हेर्नुहोस्? हामीहरुको के छ, हामी अब्राहामका सन्तानहरु? के हामी परमेश्वरको वचनसंग पहिचान गरिएका छौ, एउटा प्रतिज्ञाको रुपमा, र हाम्रो गुणले हामीलाई पहिचान गराउछ, कि हामीले वास्तवमै यसलाई विश्वास गर्छौ? या, कि हामीले हो–होइन गर्छौ, *यहाँबाट* उफ्रेर, र *यहाँनिर,* र तल *यहाँ,* र अनुमान गर्छौ, र यस बिषयमा, हो–होइन गर्दै हिड्छौ? त्यसोभए, हामीहरु इसाईहरु होइनौ, हामी केवल विश्वास गरेको जस्तै मात्रै गर्दैछौ।

135 तर, जब हामी वास्तवमै त्यस प्रतिज्ञामा खडा हुन्छौ, ठिक त्यहाँ उभिन्छौ र यसमा खडा हुन्छौ! अब्राहामले गरे।

136 अब हामीले थाहा पाउँछौ, एकदिन उनले तिनजना मानिस आएको देख्छन्, हिडिरहेको। बाईबलले यहाँ भनेको छ, "यो दिनको गर्मीमा थियो," मध्यान्हको बेला हुनुपर्छ। यी मानिसहरु हिडेर आए र उनीसंग बोलिरहेका थिए। हामीले बुझ्छौ कि ती मध्ये दुईजना तल सोदोममा गए। म विश्वास गर्छु कि हामीले यस विषयमा अर्को रातमा बोलेका थियौ। ती मध्ये एकजना उनीसंगै बसे।

137 यस मानिसलाई ध्यान दिनुहोस् जसलाई उनले बोलाए...जो उनीसंग बसे, त्यस मानिसले के गर्यो। एकजना उहाँको गुणद्वारा पहिचान भयो, कि उहाँ एलोहिम हुनुहुन्थ्यो भनि।

138 एलोहिम, बाईबलको पहिलो शब्द, "आदिमा परमेश्वर..." अब, तपाहरु मध्ये कुनै पनि विद्वानहरुलाई थाहा छ कि त्यहाँ हिब्रूमा *परमेश्वरको* शब्दको, अर्थ हुन्छ "एलोहिम," जसको अर्थहो, "सर्वशक्तिमान, सर्वेसर्व, स्व–अस्तित्व," उहाँलाई कसैबाट कुनै सहायता चाहिदैन, कसैको व्याख्या चाहिदैन; आफैले आफ्नो गर्नुहुन्छ। उहाँ सर्वेसर्व परमेश्वर हुनुहुन्छ, सर्वव्यापी, सर्व–ज्ञानी, सर्वशक्तिमान हुनुहुन्छ। उहाँ परमेश्वर हुनुहुन्छ।

139 त्यहाँ उहाँ हुनुहुन्थ्यो। र अब्राहाम अब, यो कुलपिता जसको वचनमा पकड थियो, यस व्यक्तिलाई हेरे। र जब यस व्यक्तिको ढाँड पछाडि पालतर्फ फर्केको थियो, उहाँले भन्नुभयो, "तिम्रो पत्नी, सारा कहाँ छिन्?"

भन्यो, "उनी पालभित्र छिन्, तपाईको पछाडि।"

140 भन्नुभयो, "आउँदो साल तोकिएकै समयमा म तँकहाँ फर्किआउनेछु, र तैले यो बच्चा पाउनेछस् जुन मैले तलाई प्रतिज्ञा गरेको छु।"

141 र सारा यसबारेमा हाँसिन्। र उहाँ जो ऊसंग बोलिरहनुभएको थियो, उहाँको पछाडि साराले भनेको कुरा उनलाई भन्नुभयो।

142 अब, उत्पत्तिमा, तपाईले त्यो पढ्नुहुनेछ। हामीले यो पाउँछौ कि, अब्राहाम, यस मानिसले आफैलाई चिनाउनुभईसकेपछि...

143 यो के थियो? हिब्रू, ४ अध्याय, १२ औ पद, भन्नुभयो, "परमेश्वरको वचन धारिलो, दुई धारे तरवार भन्दा पनि शक्तिशाली, हृदयको विचारहरु र अभिप्रायहरु जान्नुहुने हुनुहुन्छ।"

144 उहाँलाई थाहा थियो कि यहि नै मानिस हो भनि। उहाँलाई थाहा थियो त्यहाँ यो बाहेक अरु कोहि पनि अगमवक्ता छैन, र त्यसैकारणले परमप्रभुको वचन उनमा आयो। र उनी अगमवक्ता थिए, र यहाँ वचन अगमवक्ताकहाँ आयो।

145 बप्तिष्मा दिने यूहन्नामा पनि यहि कुरा भयो। त्यहाँ चार सय वर्ष देखि कुनै अगमवक्ता थिएन। मलाई सम्भन्छु...

146 शायद पुरानो डाक्टर डेभिस यहाँ बसिरहनुभएको होला, आज राती, पुरानो मिसनरी ब्याप्टिष्ट प्रचारक जसले मलाई विश्वासमा बप्तिष्मा दिनुभयो।

उहाँ मसंग तर्क गर्नुहुन्थ्यो। उहाँले भन्नुभयो, "बिल्ली, तिमी केवल एउटा बच्चा मात्रै हौ अहिले। तिमीले मलाई सुन्नुपर्छ।"

मैले भने, "ठिक छ, भाई डेभिस, म सुन्दैछु।"

147 उहाँले भन्नुभयो, "तिमीले देख्छौ, यूहन्नाले बप्तिष्मा लिएका थिएनन्। त्यसैले उनले बप्तिष्मा त दिलाईरहेका थिए, त आफैले चाहि बप्तिष्मा लिएका थिएनन्; उनलाई बप्तिष्मा दिनलाई कोहि पनि योग्य थिएनन्।" त्यो असल ब्याप्टिष्ट धर्मशास्त्र ज्ञान हो। "र यहाँ येशू आउनुभयो, र त्यसपछि भन्नुभयो...यूहन्नाले भने, 'मैले तपाईबाट बप्तिष्मा लिन आवश्यक छ; तपाई मकहाँ किन आउनुभयो?' र उहाँले भन्नुभयो, 'अहिलेलाई यसै हुन देऊ।'" उहाँले भन्नुभयो, "र जब उनले उहाँलाई 'डुबाए,'" भन्नुभयो, "तिमीले देख्छौ, त्यसपछि येशूले यूहन्नालाई बप्तिष्मा दिनुभयो। र जब उनी पानीबाट बाहिर निस्किए, त्यसपछि स्वर्ग खुलियो र उनले परमेश्वरलाई एउटा ढुकुरको रूपमा देखे, तल आउदै गरेको र उहाँमा जाँदै गरेको, भन्यो, 'यिनी मेरो प्यारो पुत्र हुन्, जसमा बास गर्न म प्रसन्न छु।'" तर, होइन, डाक्टर डेभिस संग असमति भएर होइन, तर उहाँ गलत हुनुहुन्थ्यो।

148 हेर्नुहोस्, यूहन्ना अगमवक्ता थिए, र वचन सधै अगमवक्तामा आउँछ। त्यसैले यदि वचन देहधारी भयो, जसरी पनि; यो अगमवक्ताकहाँ आउनुपर्थ्यो, किनभने, उनले वचनको गवाहि दिँदै थिए, र उनको त्यहि गुणले उनलाई त्यो पहिचान गरायो। यहाँ वचन आउँछ, अब के हुन्छ? जसै उनी येशूको सामू जान्छन्, यूहन्नाले भने, "मैले तपाईबाट बप्तिष्मा लिन आवश्यक छ; तपाई मकहाँ किन आउनुभयो?"

149 येशूले भन्नुभयो, "अहिलेलाई यसै हुन देऊ, किनभने यसरी नै (हामीहरुले व्यवहार गर्ने) हामीहरूले सबै धार्मिकता पूरा गर्नुपर्दछ।" यूहन्ना एउटा अगमवक्ता भएको नाताले; उहाँ वचन भएको हुनाले। उहाँ एउटा बलिदान हुनुहुन्थ्यो, र उहाँ आफ्नो पार्थिव सेवकाईमा प्रवेष्ट गर्न तयार गर्दै हुनुहुन्थ्यो, र वलिदान प्रस्तूत गर्नुभन्दा अगाडि शुद्ध पारिनु पर्थ्यो। र यूहन्नालाई उहाँलाई बप्तिष्मा दिए, किनभने उहाँलाई थाहा थियो। "अहिलेलाई यसै हुन देऊ, किनभने यसरी नै हामीहरूले सबै धार्मिकता पूरा गर्नुपर्दछ।" प्रस्तूत गर्नुभन्दा अगाडि बलिदान शुद्ध पारिनुपर्थ्यो, र त्यसैले यूहन्नाले उहाँलाई बप्तिष्मा दिए। यो उनलाई येशूले बप्तिष्मा दिनुभएको होइन। यूहन्नाले येशूलाई बप्तिष्मा दिए। "अहिलेलाई यसै हुन देऊ।"

150 ध्यान दिनुहोस्, यहाँ अब्राहाम थियो, र उनीसंग परमप्रभुको वचन थियो। परमप्रभुको वचन उनमा आयो। उनी अगमवक्ता थिए। र अब यहाँ वचन आउँदछ। उहाँले उनलाई "अब्राहाम," भनि बोलाउनुभयो *अब्राम* होइन।

151 त्यो भन्दा केहि दिन अघि, उनको नाम अब्राम—अब्राम थियो, अब यो अब्राहाम भयो। उनको पत्नी साराई थियो, अब यो "सारा," एस–ए–आर–आर–ए होइन; एस–ए–आर–ए–एच हो। (ए–बि–आर–ए–एच–ए–एम) ए–बि–आर–ए–एम होइन, तर ए–बि–आर–ए–एच–ए–एम, अब्राहाम।

152 र यस मानिसले आफैलाई चिने, जब उहाँले भन्नुभयो, "अब्राहाम!" ओ, प्रभु!

अब्राहामले भने, "एलोहिम!"

153 त्यहाँ वचन र अगमवक्ता थियो, एकसाथ, दुवैको चरित्र पहिचान भएको थियो।

154 एलोहिम, उहाँले भन्नुभयो, "तेरी पत्नी सारा, कहाँ छिन्?"

155 भन्यो, "उनी पालभित्र छिन, तपाईको पछाडि।" र...त्यसपछि चमत्कार भयो। एलोहिम! अब्राहामले उहाँलाई, "सर्व–पर्याप्त, सर्वशक्तिमान, सर्वशक्तिशाली परमेश्वर," भनि बोलाए।

156 येशूले भन्नुभयो, जब उहाँ पृथ्वीमा हुनुहुन्थ्यो, उहाँले उहि काम गर्नुभयो जुन एलोहिमले गर्नुभएको थियो। त्यसकुराले उहाँको गुणहरु परमेश्वरको रूपमा पहिचान गर्यो।

157 र उहाँले भन्नुभयो, अगाडि, "अन्तिम दिनहरुमा, मानिसको पुत्रको आगमनको समयमा, जब उहाँ प्रकट हुनुहुनेछ, सोदोममा जस्तै फेरी पनि हुनेछ।" उहाँको मानिसहरुको माझमा एलोहिम, सर्वशक्तिमान परमेश्वर! धर्मशास्त्रले यहि भन्छ। मानिसहरुको माझमा एलोहिम!

158 चालिस वर्षसम्म उहाँले हामीलाई पवित्र आत्माद्वारा, एलोहिम, परमेश्वरले बप्तिष्मा दिनुभयो! र मण्डली...

159 हेर्नुहोस्, अब्राहामले एउटा चिन्ह देखेका थिए, अर्को बोलावट; एउटा चिन्ह, एउटा बोलावट; एउटा बोलावट; एउटा संकेत; त्यस प्रतिज्ञा गरेको पुत्रको प्रतिक्षा गर्दै। तर अन्तिम चिन्ह जुन उनले देखे, अन्तिम उपस्थिति, परमेश्वरको अन्तिम जुन प्रतिज्ञाको पुत्र दृश्यमा आउनुभन्दा अगाडिको

थियो, त्यो एलोहिम मानव शरीरमा आउनुभएको थियो। त्यसपछि प्रतिज्ञा गरेको पुत्र आयो।

160 र अब्राहामको सन्तानले प्रतिज्ञाको पुत्र, येशू ख्रीष्टलाई प्रतिक्षा गरिरहेको छ। र तिनीहरुले चिन्हहरु, पवित्र आत्मा पोखिएको, अन्य भाषाहरुमा बोलिएको, दिव्य चंगाई, र यस्तै अन्य कुराहरु देखेका छन्। तर जब मानिसको पुत्र प्रकट हुँदछ, एलोहिम अब्राहामको राजकीय सन्तानकहाँ फर्कनुहुनेछ र उही कुराहरु देखाउनुहुनेछ जुन उहाँले त्यस दिनमा देखाउनुभएको थियो, आमेन, एलोहिम, जस्तो उहाँ हुनुहुन्थ्यो! किन? यो परमेश्वरको गुण हुनेछ।

161 अब, यदि ख्रीष्ट परमेश्वर हुनुहुन्थ्यो भने, "अब केही समयपछि संसारले मलाई कहिल्यै देख्नेछैन; तर तिमीहरूले मलाई देख्नेछौ, किनकि म तिमीहरुसंग हुनेछु, परिपूर्तिको लागि, अन्तिमसम्म। मैले गरेका कामहरु तिमीहरुले पनि गर्नेछौ।"

162 येशूले त्यसलाई लूका—लूकामा, १७ औ अध्यायमा भन्नुभएको छ। ठिक छ, जब हामी यी अन्तिम दिनहरुलाई विश्वास गर्छौं र हेर्छौं, यो घटनालाई फेरी पनि प्रतिक्रिया गरिनुपर्छ।

163 त्यसैकारणले, हिब्रू १:१, "प्राचीन कालमा हाम्रा पितापुर्खाहरूसँग अगमवक्ताहरूद्वारा धेरै र विभिन्न किसिमले परमेश्वर बोल्नुभयो, यस अन्तिम दिनहरुमा मरेकाहरुबाट उहाँको पुत्रको पुनरुत्थानको पहिचान गर्नुभएको छ," मण्डलीलाई उहाँसंग भएको उही गुणहरु दिएर, हिब्रू १३:८ वास्तवमै सहि बनाउदै हुनुहुन्छ।

164 त्यसबाट कुनै प्वाँख टिप्न सकिदैन। त्यो चिलको प्वाँख हो। तिनीहरु कडासंग जोडिएर रहन्छन्, किनभने तिनीहरु स्वर्गीय चरा हुन्। [टेपमा रिक्त स्थान—सम्पा]...तिनीहरुले आफैलाई चिलका खुराक खुवाउछन्।

165 अब हामीले यो ध्यान गर्छौं कि, "प्राचीन कालमा हाम्रा पितापुर्खाहरूसँग अगमवक्ताहरूद्वारा धेरै र विभिन्न किसिमले परमेश्वर बोल्नुभयो, अन्तिम दिनहरुमा उहाँका पुत्र येशू ख्रीष्टद्वारा बोल्नुभएको छ, उहाँलाई मरेकाहरुबाट बौरी उठाएर।" र यहाँ उहाँ हामीहरुको माझमा हुनुहुन्छ, दुई हजार वर्ष पश्चात, उही येशू, अगमवक्ताहरु मध्ये एक होइन; येशू, हाल्लेलुयाह, पुनरुत्थान भएको परमेश्वरको पुत्र!

166 येशूले भन्नुभयो, एक दिन, उहाँले भन्नुभयो, "दुष्ट र व्यभिचारी पुस्ताले एउटा चिन्ह खोज्दछ, र तिनीहरुले एउटा चिन्ह प्राप्त गर्ने छन्।" दुष्ट र व्यभिचारी पुस्ताले चिन्ह खोज्दछ। कहिले चाहि संसार अहिलेभन्दा धेरै दुष्ट, या व्यविचारी र विकृत भएको थियो?

167 "किनकि जसरी योना ठूलो माछाको पेटभित्र तीन दिन र तीन रात थिए, उसरी नै मानिसको पुत्र पनि पृथ्वीको गर्भमा तीन दिन र तीन रात रहनेछ।"

168 त्यसपछि, "एउटा दुष्ट र व्यविचारी पुस्ताले" एउटा चिन्ह पाउनेछ। कस्तो किसिमको चिन्ह? पुनरुत्थानको एउटा चिन्ह। र आज हामीसंग यो छ, दुई हजार वर्ष पछाडि, उहाँ अझै पनि जीवित हुनुहुन्छ। आजराती, उहाँ हामीहरुको माझमा हुनुहुन्छ, हिजो आज सधैंभरि एकसमान, आफैलाई परमेश्वरको गुणहरुबाट परिचित गराउदै, यस दिनमा वचन प्रकट गर्दै जुन उहाँले गर्छु भनि प्रतिज्ञा गर्नुभएको थियो। आमेन।

169 त्यहाँ वचन छ। अब के तपाई चिन्हलाई विश्वास गर्नुहुन्छ? यो अर्को कुरा हो, अन्तिम दिनहरु, उहाँ आफ्नो पुत्रको पहिचानमा हुनुहुन्छ। ध्यान दिनुहोस्।

170 परमेश्वरले मोशासंग विभिन्न समयमा बोल्नुभयो। व्यवस्था १८:१५, भन्नुभयो, "परमप्रभु तिमीहरुका परमेश्वरले म जस्तै एकजना अगमवक्ता खडा गर्नुहुनेछ।" अब हेर्नुहोस्। त्यो वचन हो। त्यो वचन हो। त्यो परमेश्वर हुनुहुन्थ्यो।त्यो मोशा थिएन। मोशाले त्यो कसरी थाहा पाउनसक्थ्यो? उनी एक मानिस थिए। तर परमेश्वर, मोशाद्वारा भएर बोल्दै, यो भन्नुभयो। के तपाई त्यो विश्वास गर्नुहुन्छ? ठिक छ।

171 अब येशूलाई ध्यान दिनुहोस्, हेर्नुहोस् कसरी उहाँ—उहाँको गुणले यो प्रतिज्ञा गरिएको वचनलाई सत्य पहिचान गरायो। उहाँले निश्चय नै गर्नुभयो। उहाँ यस गुणहरुद्वारा पहिचान हुनुभयो जस्तो मोशाले उहाँ हुनुहुनेछ भनि भनेका थिए।

172 तिनीहरु धेरैजना, आजको जस्तै, तिनीहरुले कुनै महान नेतालाई हेर्न चाहन्छन्, "ओ, यो विद्या वारिधी डाक्टर. *फलाना–र–फलाना।* उहाँ हार्टफोड विश्वविद्यालयबट हुनुहुन्छ।" वा, "उहाँ कुनै महान ठुलो त्यस्तै केहिबाट हुनुहुन्छ।" त्यो परमेश्वरको पहिचान होइन। होइन, होइन।

यससंग सम्बन्धित नै छैन। वचन नै हो जसले परमेश्वरको पहिचान गराउँछ। बुझ्नुभयो?

173 येशू एक बुद्धिजीवि हुनुहुन्नथ्यो, न त एउटा पूजाहारी, न त एक रब्बी, संसारको लागि। संसारको लागि, उहाँ एक धर्मविद्रोहि हुनुहुन्थ्यो।

174 तर परमेश्वरले आफ्नो वचन उहाँद्वारा पुष्टि गर्दै हुनुहुन्थ्यो, जसले उहाँलाई इम्मानुएल बनायो। त्यो उहाँको पहिचान थियो। अब. यहाँ, येशूले ठिक त्यहि पुरा गर्नुहुन्छ जुन परमेश्वरले प्राचिन समयमा गर्छु भनि, मोशाद्वारा भन्नुभएको थियो, जे उहाँले गर्नेछु भन्नुभएको थियो।

175 अब हेर्नुहोस् जब उहाँले पत्रुसलाई भेट्नुभयो, जस्तो कि हामीले अर्को रात यसलाई नाटकिय ढङ्गमा प्रस्तूत गरेका थियौ, जब उहाँले पत्रुसलाई भेट्नुभयो र पत्रुसको नाउँ के थियो सो भन्नुभएको थियो। यस चिन्हले, पत्रुसलाई उहाँको मसिही दावीहरु पहिचान गरायो, किनकि वचनले भनेको थियो, “परमप्रभु तिमीहरुका परमेश्वरले एउटा अगमवक्ता खडा गर्नुहुनेछ।”

176 र पत्रुस माथि आए, जो त्यसबेला सिमोन थिए, उहाँ जहाँ हुनुहुन्थ्यो त्यहाँ उनी आए। र येशूले उनलाई हेर्नुभयो, र भन्नुभयो, “तिम्रो नाम सिमोन हो, र तिमी योनाको छोरा हौ।” त्यसले ख्रीष्टको चरित्रलाई मोशाले प्रतिज्ञा गरेको वचन हो भनेर पहिचान गरायो। पत्रसले त्यो चिन्हले येशूलाई मसिहको रूपमा पहिचान गराएको थाहा पाए। “परमेश्वर ख्रीष्टमा हुनुहुन्थ्यो,” अन्तिम दिनहरुको लागि अभिषेक। नथानिएललाई... सम्झनुहोस्, उहाँले सिमोलाई उनको नाम बताईदिनुभयो।

177 अब, हेर्नुहोस्, उहाँले नथानिएललाई उनले के गरेका थिए त्यो भनिदिनुभयो। “तिमी अन्जिरको रूख मुनि थियौ जब मैले तिमीलाई देखेको थिए।” त्यसले उहाँलाई मसिह हुनुहुन्छ भनि पहिचान गरायो।

178 भन्यो, “तपाई परमेश्वरको पुत्र हुनुहुन्छ। तपाई इस्राएलको राजा हुनुहुन्छ।” उहाँ मसिह हुनुहुनेछ भनि प्रतिज्ञा गरिएको वचनको गुणद्वारा पहिचान हुनुभएको थियो। “परमप्रभु तिमीहरुका परमेश्वरले एउटा अगमवक्ता खडा गर्नुहुनेछ।”

179 इनारमा रहेकी एउटा सानी स्त्री, उहाँले उनी को थिईन् भनि बताईदिनुभयो, र त्यसले उहाँ प्रतिज्ञा गरिएको मसिह हुनुहुन्छ भनि पहिचान गरायो। बुझ्नुभयो?

180 उहाँको चरित्र, उहाँको गुणहरु, नै वचन पहिचान गरिएको हो। उहाँको गुणहरुले वचन परमेश्वर हुनुहुन्छ भनि देखाईरहेको थियो, त्यसैले त्यो परमेश्वर ख्रीष्टमा आफ्नो पहिचान गराउदै हुनुहुन्थ्यो। अब यो हेर्नुहोस्। टिपोट गर्नुहोस्।

181 पत्रुसलाई, पत्रुसलाई उसको नाउँ बोलाएर उहाँ उनमा चिनिनुभयो। उहाँ नथानिएलमा उसले गरेका काम बताएर चिनिनुभयो। उहाँ स्त्रीमा, उनी को थिईन् सो बताएर चिनिनुभयो। उहाँ के...*उहाँ* को हुनुहुन्थ्यो; *उसले* के गरे; र *उनी* को थिईन्। उहाँले आफ्नो मसिही गुणहरु चिनाउनुभयो, त्यो नै मसिह गुण हुनुपर्ने थियो।

182 सानी स्त्रीले पनि त्यहि कुरा भनेको हेर्नुहोस्। "महोदय, म जान्दछु कि तपाई एक अगमवक्ता हुनुहुन्छ। हामीले सयौ वर्षसम्म एउटा अगमवक्ता पाएका थिएनौ। हामीसंग धेरै मण्डलीहरु छन्, प्रशस्त झमेला र साम्प्रदायिक भिन्नताहरु छन्, तर हामीसंग सयौ वर्ष देखि एउटा अगमवक्ता छैन। हामी जान्दछौ कि जब मसिह आउनुहुन्छ, यहि नै कुराले उहाँलाई पहिचान गराउदछ।"

183 उहाँले भन्नुभयो, "म उहि हुँ, जो तिमीहरुसंग बोल्दछु।" यो विषय कुनै संका छैन, "म उहि हुँ।" त्यसले उहाँलाई चिनायो।

184 रगत बग्ने समस्या भएकि स्त्रीसंग, उहाँ वचनको रूपमा चिनिनुभयो। कसरी? उहाँले के गर्नुभयो जब उनको विश्वासले उहाँलाई छोएकी थिईन्। उहाँ फर्कनुभयो र भन्नुभयो, "मलाई कसले छोयो?" उहाँले केहि भएको थियो भनि जान्नुभएको थियो। त्यसले येशूलाई मसिहको रूपमा चिनायो।

185 उनले यो विश्वास गरिन्, र उनले भनिन्, "यदि मैले उहाँको वस्त्रमा मात्रै छुन पाए, भने म निको हुनेछु।"

186 त्यसैले जसै उनले छोईन्, उहाँ पछाडि फर्कनुभयो, भन्नुभयो, "अहिले मलाई कसले छोयो?" र तिनीहरु सबैले होइन भने। तर उहाँको मसिही गुणहरु...

187 आमेन! तपाईले यो देख्नुहुन्छ भनि म आशा गर्छु। सुन्नुहोस्, हामी बन्द गर्दैछौ।

188 त्यहाँ उनले उहाँलाई छोईन्। त्यहाँ सयौ थिए, शायद, उहाँलाई छुने कोशिस गर्दैथिए। यहाँसम्मकि पत्रुसले उहाँलाई हप्काए पनि, भने, "ठिक छ, सबैजनाले तपाईलाई छोईरहेका छन्।"

189 उहाँले भन्नुभयो, “हो, तर कसैले मलाई फरक तरिकाले छोएको छ।” त्यो नै फरक हो, त्यो विश्वासको छुवाई। बुझ्नुभयो? भन्नुभयो, “कसैले मलाई छोएको छ। यो एउटा अलग स्पर्श थियो। म कमजोर भएँ। मबाट शक्ति बाहिर गएको छ। मबाट पुण्य गएको छ।” अब, त्यहाँ उहाँ उभिनुहुन्छ।

190 अब, उहाँको आफ्नै चेलाले पनि भन्दैथिए, अर्को शब्दमा, “तपाई केहि तरिकाको कच्चा व्यक्तिले कुरा गर्नुभएको जस्तो सुनिन्छ—सुनिन्छ। किन, मानिसहरु, सबैले तपाईलाई छोईरहेका छन्।”

191 हेर्नुहोस् उहाँको, उहाँको पहिचान हेर्नुहोस् अब। उहाँ पछाडि फर्कनुभयो, भिडबाट भएर हेर्नुभयो। उहाँले उनलाई ठ्याक्कै चिन्नुभयो। उनले आफैलाई धेरै बेर लुकाउन सकिनन्। उहाँले उनलाई उनको अवस्थाको बारेमा भनिदिनुभयो, र भन्नुभयो, “उनको विश्वासले उनलाई निको पारेको छ।”

192 उनलाई थाहा थियो, यस बाट, कि, हिब्रू ४:१२, “वचनले विचारहरु हृदयको अभिप्रायहरु जान्दछ।” उहाँको गुणले उहाँलाई “परमेश्वरको वचन देहधारी हुनुभयो र हामी माझ वास गर्नुभयो” लाई पहिचान गर्नुभयो। आमेन।

193 मलाई लाग्छ कि आज राति त्यहि कुरालाई उहाँलाई चिनाउदछ, पुनरुत्थान हुनुभएको येशू ख्रीष्ट हामी माझ आजराति वास गर्नुभएको छ, उहि हिजो, आज, र सधैंभरि। अब, जसरी हिब्रू १३:८ सत्य छ, उहाँको चरित्रले आज उहाँलाई चिनाउदछ, जसरी यसले त्यसबेला गरेको थियो, त्यहि तरिकामा।

194 क्रियोफास र तिनीहरुलाई हेर्नुहोस्, पुनरुत्थान पश्चात। येशूले आफैलाई त्यो रोटि भाँचेको तरिकाले चिनाउनुभयो, उहाँले उहि तरिकामा गर्नुभयो जुन तरिकामा उहाँले क्रूसमा चढ्नुभन्दा अगाडि गर्नुभयो थियो। र तिनीहरु…त्यसले उहाँको गुणलाई पहिचान गरायो, किनकि त्यो तरिकामा उहाँले यो गर्नुभएको थियो।

195 अब यदि उहाँ आजराति यहाँ हुनुहुन्थ्यो भने, उहाँले आफैलाई कसरी पहिचान गराउनुहुन्थ्यो? ठिक त्यसरी नै जसरी उहाँले हिजो गराउनुभएको थियो, किनकि उहाँ आज, र हिजो, र सधैंभरि एकसमान हुनुहुन्छ। यो नै पहिचान हो। हिब्रू ४, चार–…१४ र १५, “उहाँ अहिले…” भन्छ, “किनकि हाम्रा प्रधान पूजाहारी हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति

देखाउन नसक्ने हुनुहुन्न।" उहाँ अहिले हाम्रो प्रधान पूजाहारी हुनुहुन्छ। उहाँको पुनरुत्थान पछि, उहाँको मृत्यु पछि, उहाँको दफन पछि, उहाँको पुनरुत्थान पछि, उहाँको स्वर्गारोहण पछि, आमेन, उहाँ अझै पनि हिजो, आज, सधैभरि एकसमान हुनुहुन्छ, हाम्रो दुर्बलताले छुन सकिने एक प्रधान पूजाहारी। आमेन। उहाँ त्यो हुनुहुन्छ, ठिक अहिले, ती सबै पुरुष र महिलाको लागि यहाँ जसले यो विश्वास गर्नेछन्। उहाँ हाम्रो प्रधान पूजाहारी हुनुहुन्छ, हिजो, आज, र सधैभरि।

196 उहाँ सधै जीवित हुनुहुन्छ। के तपाई त्यो विश्वास गर्नुहुन्छ? उहाँको गुणहरुले उहाँलाई पृथ्वीमा रहँदा उहाँ जस्तो हुनुहुन्थ्यो त्यस्तै नै निरन्तर पहिचान गराउदछ। उहाँ अझै पनि यहाँ जिईरहनुभएको छ, आज राति, पवित्र आत्माको रूपमा। उहाँ सधै जिउनुहुन्छ। र उहाँको गुणहरुले उहाँलाई पछ्याउदछ, ठिक त्यसरी नै जस्तो यो सधै थियो, यदि उहाँ अझै पनि जीवित हुनुहुन्छ भने।

197 म धन्यवादि छु, आज राति, कि, "परमेश्वर, प्राचीन कालमा हाम्रा पितापुर्खाहरूसँग अगमवक्ताहरूद्वारा धेरै र विभिन्न किसिमले बोल्नुभयो, तर यी आखिरी दिनहरूमा उहाँ आफ्ना पुत्रद्वारा हामीसँग बोल्नुभएको छ।"

198 मेरो, मलाई थाहा थिएन कि मैले यति लामो कुरा गरे। मैले यस्तो भएको कुरा बिर्से। म माफि चाहन्छु। म केवल...म बन्द गर्नेछु।

आउनुहोस् हामी प्रार्थना गरौ।

199 स्वर्गीय पिता, महान् दयालु परमेश्वर! प्रभु, म—म...शायद मैले धेरै बोले। म प्रार्थना गर्छु, परमेश्वर, यदि मैले गरे भने, तपाईले मलाई क्षमा गर्नुहुनेछ। तर, प्रभु, मैले के भने त्यसको लागि म क्षमा माग्न सक्दिन। मैले केवल त्यो भने जुन तपाईले यहाँ तपाईको वचनमा भन्नुभएको छ।

200 अब तपाईबाट केवल एक वा दुई शब्द, प्रभु, शायद यहाँ हुनुभएको सबैले आज राति यसलाई देख्नुहुनेछ। सानो, बिरामी मानिसहरु निको हुनेछन् जब तिनीहरुले त्यो देख्नेछन् तपाई अझै पनि हाम्रो महान प्रधान पूजाहारी हुनुहुन्छ। म प्रार्थना गर्छु, प्रभु, यी केहि मिनेटहरुमा, कि तपाईले यस सन्देशलाई फेरी पनि वास्तविकतामा जिउने बनाउनुहुनेछ। वचनबाट मैले जे भनेको छु, तपाईको गुणले हामीहरुमा तपाईलाई पहिचान गराएको होस्, आज राति, कि तपाई हिजो, आज, र सधैभरि एकसमान हुनुहुन्छ, किनकि यो येशूको नाममा हामी माग्दछौ। आमेन।

201 अब केवल एक क्षण मत्रै। हामी, म—म केवल थोरै ढिला भएको छु, तर के तपाई सबैले पन्ध्र, बिस मिनेटको लागि एउटा सानो प्रार्थनाको पंक्तिको लागि लामो समयसम्म कष्ट गर्नसक्नुहुन्छ? यदि तपाई गर्नुहुन्छ भने, तपाईको हात समाउनुहोस्, भन्नुहोस्, "हामी..." ठिक छ, धन्यवाद—धन्यवाद तपाईलाई। मैले तपाईलाई नौ–तिसमा निस्किनको लागि छोड्ने वाचा गरेको थिए। यो अब त्यो समय हो अहिले; यो बिस मिनेटसम्म हो। त्यसैले यदि तपाईलेमलाई केवल दस मिनेट दिनुभयो भने, म ठिक अहिले चाडो गर्छु।

202 आउनुहोस् हेरौँ, आज तिनीहरुले कुन प्रार्थनाको कार्ड हरु दिएका छन्? [एउटा भाईले भन्नुहुन्छ, "ओ।"—सम्पा] ओ? के, हामीले बितेको रात कहाँ शुरू गर्यौं, एक, एक? ["मलाई लाग्छ त्यो एक थियो।"] हो, अँ–ह।

203 र त्यसपछि हामी, गत रात, हामी केवल...पवित्र आत्मा...मैले आज सुनिरहेको थिए, र के भनेको थियो त्यो दोहोर्याउदै थिए। ती मध्ये केहि फ्रान्सेली नामहरु थिए, म...पवित्र आत्मा; मैले यो गर्नसक्ने एक मात्र तरिका, बस पर्खिने र हेर्ने।

204 हेर्नुहोस्, कहिले काहि जब तपाईले एउटा दर्शन देख्नुहुन्छ, यो फर्काईनु पर्छ र अनुवाद गरिनुपर्छ। यो व्याख्या गरिएको छ। एउटा दर्शन, जस्तो कि तपाई—तपाई एउटा—एउटा भेडा देख्नुहुन्छ, त्यसको अर्थ ऊन हुनसक्छ। हेर्नुहोस्, तपाईसंग युअसको अनुवाद पनि हुनुपर्दछ, हेर्नुहोस्, र त्यस दर्शनलाई ल्याएर र यसको अनुवाद गर्नुपर्दछ।

205 र गत राति मैले याद गरें, म—मैले ती फ्रान्सेली नामहरु उच्चारण गर्न सकिन, मैले यसको हिज्जे गर्नुपर्यो।

206 अफ्रिकामा र ती होटेनटट्स र अन्य जातिहरु, र चिजहरुतिर, तिनीहरुको नाम सहि रूपमा शब्द शब्द भनिन्छ, तिनीहरु को हुन् भन्छन्, तिनीहरुको भाषामा ठिक हिज्जे गरिन्छ। तिनीहरु, तिनीहरुले थाहा पाउछन् यो के थियो भनि, त्यहि समय जसै तपाई शब्द शब्दले उच्चारण गरी भन्नुहुन्छ। तर, हेर्नुहोस्, तर उहाँले सबै भाषाहरु जान्नुहुन्छ। उहाँ अनन्त परमेश्वर हुनुहुन्छ।

207 आउनुहोस् आज राति शुरू गरौँ, भनौ, पचहत्तर, देखि सयमम, ओ मा रहेको। के ओ, के उसले भनेको यहि थियो? म...[एउटा भाईले भन्नुहुन्छ,

"हो। ओ।"—सम्पा।] ओ, ओ। हो। ठिक छ। पचहत्तरको प्रार्थनाको कार्ड कसले पाउनुभएको छ, यसलाई हेरौं? ओ मा, प्रार्थनाको कार्ड ओ, पचहत्तर, आफ्नो हात उठाउनुहोस्, जो कोहिसंग यो छ। ओ हरु। ठिक *यहाँनिर* आउनुस्। पचहत्तर, अस्सी, पचास्सी, नब्बे, पंचानब्बे, एक सया, चाहनुहुन्छ भने *यो* बाटोमा आउनुहोस्। ठिक छ, यो, ठिक यहाँनिर लामबद्ध हुनुहोस्, छिटो गर्नुहोस्, किनकि हामीसंग समय हुनेछैन। म केवल भरोसा गर्न जाँदैछु कि तपाईले यो गर्नुहुनेछ।

208 आफ्नो प्रार्थनाको कार्डमा हेर्नुहोस्। तपाईको छिमेकीको प्रार्थनाको कार्डमा हेर्नुहोस्। के एउटा...र यदि कोहि अपांग हुनुहुन्छ भने, उहाँहरुलाई प्रार्थनाको पंक्तिमा माथि लैजानुहोस्। ताकी यदि तिनीहरुसंग ओ छ भने, केवल ओ मात्रै, सत्तरी–...

209 पचहत्तर देखि एक सयसम्म, ठिक *यहाँनिर* लामबद्ध हुनुहोस्, यदि तपाईको इच्छा भए। जहाँकहिँ पनि तपाई हुनुहुन्छ, बाल्कोनी, जहाँकहि पनि, ठिक तल आउनुहोस्, र पंक्तिमा जति सक्दो चाडो आउनुहोस्, यदि तपाईको इच्छा भए, ताकी समय बचाउनको लागि।

210 अब तपाई बाकि रहेकाहरु यहाँ, जो संग प्रार्थनाको कार्ड छैन, के तपाई आफ्नो हात उठाएर भन्न सक्नुहुन्छ, "मैले प्रार्थनाको कार्ड पाएको छैन, भाई ब्रन्हाम, तर म विश्वास गर्छु"? आफ्नो हातहरु उठाउनुहोस्।

211 अब सम्झनुहोस्, म तपाईसंग प्रधान पूजाहारीको बारेमा बोल्न जाँदैछु। "किनकि हाम्रा प्रधान पूजाहारी हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न।" उहाँ *यहोवा–यिरे*, "परमप्रभुले प्रदान गर्नुभएको बलिदान" हुनुहुन्छ। उहाँ *यहोवा–राफा*, "परमप्रभु जसले तेरा सबै रोगहरु निको पर्नुहुन्छ।" के तपाई त्यो विश्वास गर्नुहुन्छ? उहाँ *यहोवा–मनस्से।* एक *कवच,* एक *ढाल* , हाम्रा *शान्ति,* उहाँ अझै हुनुहुन्छ। ठिक छ, कतिजनाले विश्वास गर्नुहुन्छ कि त्यो सबै ती यहोवाका उद्धारका नामहरु येशूमा लागू गरिएको थियो? निश्चय नै, उहाँ हुनुपर्छ। यदि उहा—यदि उहा...किन, तिनीहरु अविभाज्य छन्, त्यसैले उहाँ ती सबै हुनुपर्थ्यो। र यदि उहाँ अझै पनि यहोवा–यिरे हुनुहुन्छ, उहाँ यहोवा–राफा हुनुहुन्छ। यदि उहाँ यहोवा–यिरे हुनुहुन्छ...*उहाँ यहोवा–यिरे* हुनुहुन्छ, "मुक्तिको निम्ति परमप्रभुले जुटाउनु भएको बलिदान हुनुहुन्छ," तब उहाँ *यहोवा–*

*राफा* हुनुहुन्छ "हाम्रा सबै रोगहरु निको पार्नुहुन्छ।" आमेन। चंगाई केवल परमेश्वरबाट मात्रै आउन सक्दछ।

212 ठिक छ, मानिसहरु पंक्तिबद्ध हुदै गर्दा; मैले उहाँहरु को हुनुहुन्छ र के हुनुहुन्छ सो हेर्ने समय पाएको छुईन। तर अब, तपाईहरु सबैजना जसलाई मैले तपाईहरुलाई चिन्दिन भन्ने कुरा थाहा छ, आफ्ना हातहरु उठाउनुहोस्, भन्नुहोस्, "मलाई परमेश्वरको खाँचो छ। तर तपाईले मलाई चिन्नुहुन्न, भाई ब्रन्हाम, तर मलाई परमेश्वरको आवश्यकता छ। म केवल मेरो हात उठाउन जाँदैछु।"

213 अब तपाईहरु केवल केहि समयको लागि शान्त हुनुभए, हेर्नुहोस्, सावधान रहनुहोस, र शान्त रहनुहोस्। अब मेरो अर्थ यो होइन, जब म भन्छु, "चुप रहनुहोस्," ...यदि परमप्रभुले केहि पनि गर्नुहुन्छ भने, तपाई प्रभुको प्रशंसा गर्न चाहनुहुन्छ; त्यो आराधना हो। तर मेरो अर्थ के हो भने, "केवल वरपर दौडनुहोस्, उठ्नुहोस्," तपाईलाई थाहा छ, त्यो अपमानजनक हो। बुझ्नुभयो? र पवित्र आत्मा एकदमै संवेदनशील हुनुहुन्छ, एकदम संकोचजनक। बुझ्नुभयो? यस्तै केहि, बस मलाई छोड्छ, र त्यसपछि मैले केवल लड्नुपर्छ, फेरी, हेर्नुहोस्। तर यदि तपाईले सुन्नुहुन्छ भने!

214 तपाईलाई उहाँको प्रथम प्रतिज्ञा याद छ? "मानिसहरुलाई आफूमा विश्वास गर्ने बनाऊ, र त्यसपछि इमानदार रहनुहोस्, तब तिम्रो प्रार्थनाको अगाडि केहि खडा हुनसक्दैन।" तपाईलाई त्यो याद छ? त्यो सहि हो। र त्यो...मैले यो अहिलेसम्म असफल भएको देखेको छैन, र यो असफल हुनेछैन। यो परमेश्वर हुनुहुन्छ।

215 अब हामी प्रार्थनाको पंक्ति सहित चाडो गर्नेछौ, ताकी हामीले धेरै भन्दा धेरैलाई मानिसको खातिर पूरा गर्नसकौँ। तर तपाईहरु जसले प्रार्थनाको कार्ड पाउनुभएको छ र आज रात बोलाईनुभएको छैन, आफ्नो कार्ड राखिराख्नुहोस्, हामी तपाईहरु लिन गईरहेका छौ। ठिक छ।

216 अब तपाईहरु जो प्रार्थनाको कार्ड बिना हुनुहुन्छ, याद गर्नुहोस्। वा, तपाईहरु जो बाहिर हुनुहुन्छ, चाहे तपाईसंग प्रार्थनाको कार्ड होस् या नहोस्, केवल यो विश्वास गर्नुहोस् कि उहाँ यहाँ हिब्रूको ४ अध्याय जस्तो हो। "किनकि उहाँ हाम्रा प्रधान पूजाहारी हुनुहुन्छ जसलाई हाम्रो दुर्बलताको सहानुभूतिले छुन सकिन्छ।" हेर्नुहोस् यदि उहाँ रहनुहुन्छ कि...हेर्नुहोस्

यदि यहोवाले आफैलाई उहाँको मानिसहरुको माझ प्रतिनिधित्व गर्नुभएको छ भने, जस्तो उहाँले सोदोमको दिनहरुमा गर्नुभएको थियो। ठिक छ।

217 ठिक छ, श्रीमान्। अब प्रार्थना गरौँ, अहिले, वास्तवमै श्रद्धालु हौँ। अब याद गर्नुहोस्, परमेश्वरको एउटा वचन कसैले भन्नसक्ने भन्दा पनि महान् हो। अब, यो व्यक्ति यहाँ, म—म उहाँलाई चिन्दिन। र मलाई लाग्छ उहाँ...तपाई मेरो लागि एक अन्जान हुनुहुन्छ, तपाई हो, श्रीमान्? [भाईले भन्नुहुन्छ, "हो।"—सम्पा] तपाई एक अपरिचित हुनुहुन्छ। हामीलाई एउटा कुरा थाहा छ, कि हामी दुवैजना कुनै दिन परमेश्वरको उपस्थितिमा उभिनु पर्नेछ; एउटा मानिस भई, हामीहरु त्यहाँ भेट्नुपर्नेछ। यो हाम्रो पहिलो पटकको भेट हो।

218 अब यदि तपाई यहाँ आउनुहुन्छ, यदि तपाई बिमार हुनुहुन्छ, मलाई त्यो थाहा छैन; यो अरु केहि हुन पनि सक्छ, हेर्नुहोस्। तर यदि म—यदि मैले तपाई माथि हात राखेर, भन्छु, "प्रभुको महिमा होस्! जानुहोस्, निको हुनुहोस्।" त्यो ठिक छ। तपाईले त्यो विश्वास गर्नसक्नुहुन्छ। तर के हुन्छ यदि उहाँले तपाईमा के गल्ति छ भनि बताउनुभयो भने? अब, हेर्नुहोस्, त्यो फरक हो, तब तपाईलाई थाहा हुन्छ कि त्यसले उहाँको गुणको पहिचान दिन्छ। हेर्नुहोस्, त्यो मेरो गुण हुन नै सक्दैन। म एउटा मानिस हुँ; मलाई उहाँको बारेमा केहि पनि थाहा हुदैन। मैले केवल उहाँलाई भने, "म तपाईलाई चिन्दिन।" उहाँले मलाई चिन्नुहुदैन। तर त्यसले के गर्छ? त्यसले येशू ख्रीष्ट हिजो, आज, र सधैभरि एकसमान हुनुहुन्छ भन्ने गुणलाई पहिचान गराउछ। यो जाँदै कि यो म हुनसक्दिन, म हुनै सक्दिन, किनकि म मानिसलाई चिन्दिन। म मेरो हात उठाउनेछु; *यहाँ* वचन छ। बुझ्नुभयो? म उहाँलाई चिन्दिन। उहाँले मलाई चिन्नुहुन्न। तर येशू ख्रीष्टको गुण...

219 यदि येशू यहाँ उभिरहनुभएको भए, र उहाँ, बिमार, यदि उहाँले भन्नुहुन्छ, "प्रभु येशू, मलाई निको पार्नुहोस्," येशूले उहाँलाई के भन्नुहुने थियो? "मैले यो गरिसकेको छु।" के यो सहि हो?

220 "उहाँ हाम्रो अपराधहरुको लागि घाईते हुनुभयो; उहाँको चोटले हामी निको भयौ।" सबै उद्धार जुन हामीले पाउनसक्थ्यौ त्यो कलवरीमा बसाईयो। त्यसबाट उप्रान्त, यो विश्वास हो, पूरा गरिएको कार्यमा विश्वास गर्नु। के त्यो सहि हो? ठिक छ।

221 अब, अब यदि येशू जीवित हुनुहुन्छ भने, र मैले उहाँ वचनको कुरा गरेको छु...त्यहाँ तपाई हुनुहुन्छ, फर्केर त्यो सरलता र विश्वासमा, उहाँको वचनमा विश्वास गर्दै। जब उहाँले मलाई त्यस रातमा भेट्नुभयो, उहाँले भन्नुभयो, "तिमी त्यो पाउन जानेछौ कि तिमीले तिनीहरुको हृदयको रहस्यहरु समेत जान्नेछौ। तिनीहरुले हातको त्यो पहिलो चिन्ह विश्वास गर्नेछैनन्, तिनीहरुले यो वाला चाहि विश्वास गर्नुपर्नेछ।" बुझ्नुभयो? "तिनीहरुले त्यसो गर्दैनन् भने, रगतले पृथ्वीलाई सराप्दछ।"

222 जसरी मोशाको समयमा भएको थियो। भन्नुभयो, "तिनीहरुले दुईटा चिन्हहरु विश्वास गर्दैनन् भने, पृथ्वी माथि रगत खन्याईदे," हेर्नुहोस्, "पृथ्वीमा पानी खन्याईदे, त्यो रगत बन्नेछ।"

223 अब मात्रै पत्ता लगाउनको लागि, यदि मैले तपाईको समस्या के हो त्यो मात्रै हेर्न सके, त्यसले तपाईलाई सन्तुष्ट पार्नेछ र तपाईलाई विश्वास गर्ने बनाउनेछ, होइन र? [भाईले भन्नुहुन्छ, "निश्चय नै।"—सम्पा।] तपाईलाई थाह छ यो त्यस व्यक्तिको गुण हुनुपर्दछ जसको बारेमा मैले कुरा गरिरहेको छु, येशू ख्रीष्ट।

224 मानिस, जसै मैले उहाँलाई हेरे, पछाडि सर्छ। उहाँ छायामा पारिएको छ। त्यहाँ कुनै कुरा छैन जुन औषधीले मानिसलाई मद्दत गर्दछ। उहाँ एउटा मर्ने अवस्थामा हुनुहुन्छ। त्यो सहि हो। उहाँको शल्यक्रिया भएको थियो, र शल्यक्रिया चाहि एउटा प्रोस्टेट शल्यक्रिया थियो। र यो क्यान्सर हो, र क्यान्सर तपाईको शरीर भरि फैलिएको छ। यदि त्यो सहि हो भने, तपाईको हात उठाउनुहोस्। केवल परमेश्वरले उहाँलाई निको पार्न सक्नुहुन्छ। तर, हेर्नुहोस्, म तपाईलाई केहि भन्न चाहन्छु, महोदय। त्यो शैतान चिकित्सकको छुराबाट लुकेको त हुनसक्छ, तर त्यो परमेश्वरबाट लुक्न सक्दैन। के तपाई त्यो विश्वास गर्नुहुन्छ? के तपाई यो विश्वास गर्नुहुन्छ? त्यसोभए म प्रार्थना गर्छु, कि, येशू ख्रीष्टको नाममा, यस कुराले उहाँलाई छोडेको होस्, र मानिस बाँचेको होस्। केहिपनि छैन; केवल कमजोर भएको छ। ठिक छ।

225 तपाई र म एकअर्काका लागि अन्जानहरु हौँ, एउटा पुरुष र एक महिला भेट्छन्। अब, एउटा पुरुषको रूपमा, म तपाईलाई चिन्दिन। र शायद, एउटा महिलाको रूपमा, तपाईले मलाई चिन्नुहुन्न; तपाईले भर्खरै देख्नुभएको मेरो नाम, वा तस्बिर, या केहि त्यस्तै बाहेक अरु केहि जान्नुहुदैन। तर हामी एक अर्कालाई चिन्दैनौ। यो हाम्रो चरित्रहरु हो। हामीले

एक अर्काका चित्रहरु चिन्दैनौ। तर ख्रीष्टको गुणहरु, उहाँ वचन हुनुहुन्छ, र वचन यस दिनको लागि प्रतिज्ञा गरिएको छ। यो विषय मैले बोलेको तपाईले सुन्नुभएको छ। तब उहाँका चरित्रहरुले उहाँलाई यहाँ चिनाउदछ। मैले उहाँलाई चिनाउने होइन। म तपाईलाई चिन्दिन। तपाईले बुझ्नुभयो। हाम्रो—हाम्रो मण्डलीले त्यो बुझ्नुभयो? [सभाले भन्छ, "आमेन।"—सम्पा।] बुझ्नुभयो? म—म एउटा मानिस हुँ। म केवल तपाईको भाई हुँ।

226 इनारमा भएकि स्त्री जस्तै, भन्छ जुन कुरा गलत छ, केहि कुरा तपाईसंग गलत छ, या तपाईले के चाहनुहुन्छ, या तपाई यहाँ के को लागि आउनुभयो। परमेश्वरलाई त्यसको न्याय गर्न छोडिदिनुहोस्। तपाई एनिमियाको अवस्थाबाट गुज्रदै हुनुहुन्छ। त्यो सहि हो, होइन र? [बहिनीले भन्नुहुन्छ, "हो।"—सम्पा।]

227 म—म निरन्तर त्यसमा हान्छु, कसैले सोच्दै हुनुहुन्छ कि यो मैले अनुमान गरे। मैले त्यो अनुमान गर्दिन। होइन। हरेक पटक, म त्यो महसूस गर्छु, कसैले। तपाईले आफ्नो विचार अब लुकाउन सक्नुहुन्न। अब त्यहाँ करिब, मलाई थाहा छ, दुईजना वास्तवमै खराब संकालुहरु यहाँ बसिरहेका छन्। हेर्नुहोस्? त्यसैले याद गर्नुहोस् कि म तपाईको नाम, पनि, बोलाउनसक्छु, परमेश्वरले सक्नुहुन्छ, त्यसैले तपाईले यसो सोच्न बन्द गरिदिनुहोस्। म तपाईलाई देखाउछु।

228 यहाँ हेर्नुहोस्, महिला। मलाई हेर्नुहोस्। मलाई थाहा छैन उहाँले तपाईलाई के भन्नुभयो, तर मलाई—मलाई थाहा छ कि उहाँ के हुनुहुन्छ। र त्यो उहाँको गुण हो। हो, यो एनिमिया अवस्था हो, रगत, पानी।

229 अब, यहाँ, यहाँ केहि कुरा छ। हेर्नुहोस् यदि तिनीहरुले यो अनुमान गरेको भनि सोच्छन् भने। एउटा बच्चा छ जसको निम्ति तपाईले प्रार्थना गर्दै हुनुहुन्छ, त्यो यहाँ छ। त्यो सहि हो। यसले, घाँटीमा समातेको छ, टन्सिल, एडिनोईड्स। यो शल्यक्रियाको लागि छ। के यो सहि होइन? [बहिनीले भन्नुहुन्छ, "हो।"—सम्पा।] त्यो रूमाल लिनुहोस् र यस माथि राख्नुहोस्, र विश्वास गर्नुहोस्। संका नगर्नुहोस्। यसलाई शल्यक्रिया आवश्यक पर्दैन। अब तपाईको सम्पूर्ण हृदयले विश्वास गर्नुहोस्।

230 तपाई कस्तो हुनुहुन्छ? कुरा के हो भने, यहाँनिरको महिलाको लागि, कि तपाई केहि कुराको बारेमा डराउनुभएको छ। तपाई डराउनुभएको छ कि जन्मचिन्ह क्यान्सरमा परिणत भएको छ भनि। अँ–ह, अँ–ह। अब

जानुहोस्, विश्वास गर्दै, र यो त्यस तरिकामा हुनेछैन। केवल जानुहोस्, तपाईको सम्पूर्ण हृदयले विश्वास गर्दै। गुणहरु, मेरो होइन; उहाँको!

231 के तपाई अब विश्वास गर्नुहुन्छ? त्यसले सबैलाई विश्वास गर्ने बनाउनुपर्छ।

232 अब, म तपाईलाई चिन्दिन। म तपाईको लागि अपरिचित हुँ। परमेश्वरले तपाईलाई चिन्नुहुन्छ। के तपाई त्यो विश्वास गर्नुहुन्छ...? तपाईलाई त्यो थाहा छ कि म तपाईलाई चिन्दिन, र तपाईलाई थाहा छ कि तपाईले मलाई चिन्नुहुदैन, त्यसैले के तपाई विश्वास गर्नुहुन्छ कि यो बोल्ने आत्मा मेरो हुन सक्दैन भनि? किनभने, म, एउटा मानिसको रूपमा, म तपाईलाई चिन्दिन। तर प्रतिज्ञा गरिएको वचनको गुण त्यो वचन हो जुन दुईधारे तरवारभन्दा धारिलो छ, र हृदयको विचार र अभिप्राय बुझ्दछ।

233 तपाई धेरै बिरामी हुनुहुन्छ। तपाईमा महिला रोग थियो, जुन गर्भको थियो, र त्यो पाठेघरमा क्यान्सर थियो। र तपाई जानुभयो र कुनै किसिमको एउटा उपचार लिनुभयो, र यो एउटा रेडियम उपचार थियो, र त्यो गरेको बापत केवल यसले तपाईको जताततै यसलाई फिजायो। र यदि परमेश्वरले तपाईलाई निको पार्नुभएन भने तपाई—तपाई मर्नुहुनेछ। त्यो सत्य हो। के तपाई अब विश्वास गर्नुहुन्छ कि उहाँले तपाईलाई निको पार्नुहुनेछ? [बहिनीले भन्नुहुन्छ, "हो।"—सम्पा।] चिकित्सकबाट लुकेको त्यस शैतानलाई परमेश्वरले हप्काउन्। त्यो रेडियमबाट लुकेको होला, तर पवित्र आत्माबाट लुक्नसक्दैन। जानुहोस्, उहाँलाई विश्वास गर्नुहोस्, अब, बहिनी। कतिपनि संका नगर्नुहोस्, तर विश्वास गर्नुस्।

234 के तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरले त्यो दमको अवस्थाबाट चंगाई गर्नसक्नुहुन्छ, र तपाईलाई निको पार्नुहुन्छ? [भाईले भन्नुहुन्छ, "हो।"—सम्पा।] तपाई यो विश्वास गर्नुहुन्छ? त्यसो भए आनन्द मनाउदै, आफ्नो बाटो जानुहोस्, यो भन्दै, "धन्यवाद तपाईलाई, प्रभु। म विश्वास गर्छु के मेरो दमको रोग निको भएको छ।"

235 तपाई कस्तो हुनुहुन्छ? तपाई आत्तिनुभएको छ। तपाई लामो समय देखि अत्तालिनुभएको छ। त्यहाँभित्र, यसले तपाईको पेटमा पेप्टिक अल्सर आउने कारण बनेको छ, जसले तपाई—तपाईलाई पेटमा समस्या दिएको छ। र तपाई चाहनुहुन्छ...तपाई आफ्नो बेलुकाको खाना खान चाहनुहुन्छ?

के तपाई मैले तपाईलाई भनेको कुरा गर्नुहुनेछ? प्रभु येशू ख्रीष्टको नाममा, जानुहोस्, खानुहोस्।

236 के तपाई आफ्नो सम्पूर्ण हृदयले विश्वास गर्नुहुन्छ? [बहिनीले भन्नुहुन्छ, "म गर्छु।"—सम्पा।] तपाई शक्तिशाली राम्रो युवती हुनुहुन्छ, जस्तो देखिनुहुन्छ। के तपाई म उहाँको दास हुँ भन्ने कुरा विश्वास गर्नुहुन्छ? ["आमेन।"] के तपाई विश्वास गर्नुहुन्छ कि उहाँ गुण यहाँ हुनसक्छ, यहाँ... वचन, आफै, र यस दिनको प्रतिज्ञा, "मैले गरेका कामहरु तिमीहरुले पनि गर्नेछौ"? ["आमेन।"] म निको पार्नसक्दिन। उहाँले पहिले नै त्यो गरिसक्नुभएको छ; तर उहाँको गुणले उहाँलाई देखाउँछ, भन्न सक्छ कि उहाँमा के समस्या छ। तपाईमा महिलाको समस्या छ, स्त्री समस्य। ["हो महोदय।"] के तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरले यो अहिले निको पार्नुहुन्छ? ["हो। आमेन।"] आफ्नो बाटो जानुहोस्, यसले तपाईलाई अब समस्या दिनेछैन। तपाईको सम्पूर्ण हृदयले विश्वास गर्नुहोस्।

237 के तपाई म उहाँको दास हुँ भन्ने कुरा विश्वास गर्नुहुन्छ? [बहिनीले भन्नुहुन्छ, "म गर्छु, महोदय।"—सम्पा।] यदि परमेश्वरले मलाई तपाईको समस्या के भनिदिनुहुन्छ भने, के तपाई विश्वास गर्नुहुन्छ कि यो येशू ख्रीष्टको गुण हो भनि? यो तपाईको ढाँडमा छ। यो अब छैन। जानुहोस्, तपाईको सम्पूर्ण हृदयले विश्वास गर्नुहोस्। विश्वास।

238 आउनुहोस्, महिला। तपाईलाई पनि पेटमा समस्या छ। आफ्नो पूरा हृदयले विश्वास गर्नुहोस्, र गएर आफ्नो बेलुकीको खाना खानुहोस्। यसको बारेमा भुलिदिनुहोस्। येशू ख्रीष्टले तपाईलाई निको पार्नुहुन्छ।

239 आउनुहोस्। तपाईको समस्या तपाईको रगत हो। तपाई एउटा मधुमेह रोगि हुनुहुन्छ। के तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरले तपाईलाई ठिक पार्नुहुन्छ र त्यसबाट चंगाई गर्नुहुन्छ? आफ्नो बाटो जानुहोस्, र भन्नुहोस्, "धन्यवाद, प्रभु येशू," तपाईलाई ठिक बनाउछ। जानुहोस्, तपाईको पूरा हृदयले विश्वास गर्नुहोस्।

240 आउनुहोस्। तपाईको ढाँड, के तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरले ढाँड निको पार्नुहुनेछ र तपाईलाई ठिक पार्नुहुन्छ? आफ्नो बाटो जानुहोस्, र आनन्द मनाउनुहोस्, र भन्नुहोस्, "तपाईलाए धन्यवाद, प्रभु येशू।"

241 तपाईलाई पनि तपाईको ढाँडसंग केहि समस्या छ। केवल हिडिरहनुस्, यो भन्दै, "धन्यवाद, प्रभु, म निको भएको छु।" तपाईको पूर्ण हृदयले यसलाई विश्वास गर्नुहोस्।

242 तपाईको पनि ढाँडको समस्या थियो। त्यसको बारेमा तपाईलाई के थाहा छ? तपाईको पूर्ण हृदयले अब विश्वास गर्नुहोस्, र आफ्नो बाटो जानुहोस् र निको हुनुहोस्। विश्वास गर्नुहोस् कि येशू ख्रीष्टले तपाईलाई निको पार्नुभएको छ। "यदि तिमीले विश्वास गर्नसक्छौ भने, सबैकुरा सम्भव छ।" ठिक छ।

243 मैले तिमीलाई केही नभनेर, उसको छेउबाट गएर हात हाले भने, तपाई विश्वास गर्नुहुन्छ कि उनी निको हुन्छिन् भन्ने? तिनीहरुले के समस्या छ देख्छन्। के तपाई विश्वास गर्नुहुन्छ उनी हुन्छिन् भनि? यहाँ आउनुहोस्। येशू ख्रीष्टको नाउँमा, म यो शैतानलाई डाँट्दछु। परमेश्वरको शक्तिले बच्चालाई निको पारेको होस्। आमेन। संका नगर्नुहोस्, कत्ति पनि संका नगर्नुहोस्, र उनी निको हुनेछिन्। तपाईको पूरा हृदयले विश्वास गर्नुहोस्।

244 यदि परमेश्वरले तपाईलाई निको पार्नुभएन भने, तपाई एक दिन बैसाखीमा हुनुहुनेछ, गठियाको साथ। तर तपाईलाई परमेश्वरले तपाईको गठिया निको पार्नुहुन्छ भन्ने विश्वास गर्नुहुन्छ? त्यसोभए जानुहोस्, भन्नुहोस्, "तपाईलाई धन्यवाद, प्रभु। म तपाईलाई विश्वास गर्नेछु, र तपाईले मलाई निको पार्नुहोस्।" ठिक छ।

245 अब आउनुहोस्। यो वास्तवमै तपाईको उमेर हो। तपाई साच्चै नै आत्तिनुभएको छ। साँझको अन्तिमतिर, वास्तवमै आत्तिनुहुन्छ। जब तपाई काम गर्नुहुन्छ र सबैकुरा, तपाई वास्तवमै आत्तिनुहुन्छ। तपाई अब विश्वास गर्नुहुन्छ? यसले तपाईलाई अब उप्रान्त समस्या दिनेछैन। यो भन्दै, आफ्नो बाटो जानुहोस्, "तपाईलाई धन्यवाद, प्रभु येशू।"

246 आउनुहोस्, श्रीमान्। के तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरले मुटुको समस्यालाई निको पर्नुहुन्छ भनि? [भाईले भन्नुहुन्छ, "म गर्छु।"—सम्पा।] तपाईको मुटु ठिक पार्नुहुनेछ? यसो भन्दै, अगाडि बढ्नुहोस्, "तपाईलाई धन्यवाद, प्रभु। म मेरो सम्पूर्ण हृदयले विश्वास गर्छु।"

247 परमेश्वरले टिबि पनि निको पार्नुहुन्छ, र ठिक पार्नुहुन्छ। के तपाई, आफ्नो पूरा हृदयले त्यो विश्वास गर्नुहुन्छ, श्रीमान्? [भाईले भन्नुहुन्छ, "म

यो विश्वास गर्छु।"—सम्पा।] ठिक छ। यसो भन्दै, रमाउदै आफ्नो बाटो जानुहोस्, "तपाईलाई धन्यवाद, प्रभु येशू।"

248 त्यहाँ बाहिर तपाईको के छ, के तपाई विश्वास गर्नुहुन्छ? दर्शकहरुको कस्तो छ? दर्शकमा रहनुभएको तपाईहरु मध्ये केहिले अब विश्वास गर्नुहुन्छ।

249 यस मानिस जो ठिक यहाँनिर बसिरहनुभएको छ, ब्रोंकाइटिससंग, के तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरले तपाईको ब्रोंकाईयल समस्या निको पार्नुहुन्छ भनि? ठिक छ, त्यसोभए, तपाईले जे माग्नुभएको छ त्यो पाउनसक्नुहुन्छ। आमेन।

250 उच्च रक्तचाप, ठिक उहाँको पछाडि बस्नुभएको त्यहाँ। के तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरले तपाईलाई आफ्नो उच्च रक्तचापबाट निको पार्नसक्नुहुनेछ? मैले तपाईलाई छुट्टाए, श्रीमान्। मैले उहाँलाई चिन्दिन, मेरो जीवनमा उहाँलाई कहिल्यै पनि देखेको छैन।

251 भन्नुहोस्, श्रीमान्, के तपाई विश्वास गर्नुहुन्छ कि ती मांसपेशिमा संकोच, मांसपेशिको नशा ऐठन, के तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरले यो निको पार्नसक्नुहुन्छ? तपाई गर्नुहुन्छ? यदि विश्वास गर्नुहुन्छ भने, आफ्नो हात उठाउनुहोस्। ठिक छ।

252 तपाईकि श्रीमती त्यहाँ बसिरहनुभएको छ, उनी पिनास समस्याले ग्रसित छिन्। के तपाई विश्वास गर्नुहुन्छ यसले तपाईलाई छोड्छ, तपाईलाई पनि, बहिनी?

253 त्यहाँ हाम्रो पछाडि बसेकी महिलालाई, न्युराईटिस। के तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरले तपाईको न्युराईटिस निको पार्नुहुन्छ, महिला?

254 यहाँ सानो कोटमा एकजना महिला हुनुहुन्छ, रातो कोट लगाएकि, यहाँ। उहाँ त्यहाँ बसिरहेकी छिन्। उहाँलाई पिनासको पनि, समस्या छ। के तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरले तपाईको पिनासको समस्या निको पार्नुहुनेछ? यदि तपाई यो विश्वास गर्नुहुन्छ भने, आफ्नो हात उठाउनुहोस्।

255 येशू ख्रीष्टको गुणहरु आज राती, हामी माफ हुनुहुन्छ भनी विश्वास गर्ने यहाँ कोही हुनुहुन्छ, आफ्नो हात उठाउनुहोस्, भन्नुहोस्, "म यो विश्वास गर्छु।" [सभाले भन्छ, "म यो विश्वास गर्छु।"—सम्पा।]

256 यहाँ भएका सबैले उहाँलाई आफ्नो चंगाईदाताको रूपमा स्वीकार गर्नेछन्, आफ्नो खुट्टामा उभिनुहोस्, र भन्नुहोस्, “म विश्वास गर्छु।” उठ्नुहोस्। खडा हुनुहोस्, आफ्नो कुर्सीहरुबाट, जे केहि हो। येशू ख्रीष्ट हिजो, आज, र सधैंभरि एकसमान हुनुहुन्छ। म यो तपाईलाई दिँदछु, प्रभु परमेश्वरको नाममा।

*परमेश्वर आफ्नो गुणहरुद्वारा आफैलाई परिचित गराउदै हुनुहुन्छ* NEP64-0320

(God Identifying Himself By His Characteristics)

यो संदेश भाई विलियम म्यारियन ब्रन्हामद्वारा मूल रूपमा अंग्रेजीमा शुक्रबार बेलुकि, मार्च २०, १९६४, डेन्ह्यम स्प्रिन्स हाई स्कूल, डेन्ह्यम स्प्रिन्स, लुईजियाना, यु.एस.ए।, मा प्रचार गरिएको थियो। यो प्रवचन चुम्बकीय टेप रेकर्डिङ्गबाट लिईएर अंग्रेजीमा कुनै काँट–छाँट नगरी छापिएको छ। यो नेपाली अनुवाद वोईस अफ गड रेकर्डिङ्गद्वारा छाप्ने र वितरण गर्ने गरिएको छ।

NEPALI

©2023 VGR, ALL RIGHTS RESERVED

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org

## Copyright notice

All rights reserved. This book may be printed on a home printer for personal use or to be given out, free of charge, as a tool to spread the Gospel of Jesus Christ. This book cannot be sold, reproduced on a large scale, posted on a website, stored in a retrieval system, translated into other languages, or used for soliciting funds without the express written permission of Voice Of God Recordings®.

For more information or for other available material, please contact:



Voice Of God Recordings

P.O. Box 950, Jeffersonville, Indiana 47131 U.S.A.

www.branham.org